महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

बर्दिबास नगरपालिका
महोत्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नंबर १ र प्रदेश नंबर २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः२०७८।७९
च. नं. ११६ मितिः २०७८।५।४

श्री प्रमुखज्यु
बर्दिबास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी।

बिषयः लेखापरीक्षण प्रतिबेदन ।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babarmahal, Kathmandu, Nepal

(प्रदेश नंबर १ र प्रदेश नंबर २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:०७८।७९

च.नं.:६०

मितिः२०७८।५।४

श्री प्रमूखज्यू,

बर्दिबास नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले बर्दिबास नगरपालिका, महोत्तरीको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २८ यसैसाथ संलग्न छ ।

२. लेखापरीक्षणबाट रु १९ करोड ६ लाख ९५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २ करोड १८ लाख ५६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ११ करोड ४० लाख २३ हजार नियमित गर्नुपर्ने रु१ करोड ८४ लाख ९२ हजार जिम्मेवारी रु ३ करोड ४० लाख २९हजार पेश्की बाँकी रु २२ लाख ९५ हजार रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

बर्दिबास नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	परिचयः- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले बर्दिबास नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । बर्दिबास नगरपालिका अन्तर्गत १४ वडा ७५ सभा सदस्य, ३१५.६वर्ग किलोमिटर क्षेत्रफल तथा ६६ हजार ३५८ जनसंख्या रहेको छ ।	
१.	**वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । बर्दिबास नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरूको आर्थिक वर्ष २०७६।७७ मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।	

बर्दिबास नगरपालिका

प्राप्ति र भुक्तानी हिसाब

आर्थिक वर्षः २०७६।७७

विवरण	टिप्पणी	यो वर्ष (रु)				गत वर्ष (रु)		
		बजेट	आफैले गरेको भुक्तानी	बस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको भुक्तानी	बस्तुगत/सोझै भुक्तानी आफैले गरेको भुक्तानी	जम्मा
१	२	३	४	५	६=४+५	७	८	९=७+८
प्राप्ती (क + ख)		१२५३९३४९२६	१०३८७७१७१२	०	१०३८७७१७१२	०	०	०
क.प्राप्ती(संञ्चितकोषमा आम्दानी बाँधिने)		१०१७३५२६०७	८१३८०९२९७	०	८१३८०९२९७			
कर राजश्व	११	२९९१६०००	२०८९०५८४	०	२०८९०५८४			
१३००० अनुदान		६०७०६६७६४	५९११५५२४९		५९११५५२४९			
संघिय सरकारबाट प्राप्त	१२	५६०२९८०००	५५४४२९०००		५५४४२९०००			
प्रदेश सरकारबाट प्राप्त	१२	२४७४९०००	२३५७१६२५		२३५७१६२५			
बैदेशिक श्रोत		४०३८०५७	४३१५४६९		४३१५४६९			
जनसहभागिता		१७९८१७०७	८८३९१५५		८८३९१५५			
१४०००अन्य राजश्व	११	३८०३१९८४३	२०१६७२६६३		२०१६७२६६३			
१५०००बिबिध प्राप्ती		५००००	९०८००		९०८००			
३११२१ गत वर्षको शसर्त अनुदान फिर्ता		०	०		०			
३३००० दायित्व		०	०		०			
ऋण तथा अन्य श्रोतबाट		०	०		०			
बितरण गर्न बाँकी राजश्व	१४	०	५०००००		५०००००			
ख. अन्य प्राप्ति		२३६५८२३१९	२२४९६२४१५		२२४९६२४१५			
कोषहरू	१५	२६६५३३१९	२६६५३३१९		२६६५३३१९			
धरौटी	१५	०	८२०६३०४		८२०६३०४			
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	२०९९२९०००	१८९६०२७९१		१८९६०२७९१			
ग.भुक्तानी(ग घ)		१५४४०३४७६२	८३९७२७५६५		८३९७२७५६५			
ग.भुक्तानी(संञ्चित कोषबाट)		१३०७४५२४४३	६३६०००६१२		६३६०००६१२			

२१०००पारिश्रमिक सेवा सुविधा	१८	२९३८७८०००	२६४९२४२११		२६४९२४२११			
२२०००मालसामान तथा सेवको उपयोग	१८	१४५४३०९७२	८६८०३८१५		८६८०३८१५			
२७००० सामाजिक सुरक्षा	१८	५५५००००	५५४४१०५		५५४४१०५			
२८००० अन्य खर्च	१८	१०४०००००	६४५४०३०		६४५४०३०			
३१०००पूँजिगत खर्च	१८	८५२१९३४७१	२७२२७४४५०		२७२२७४४५०			
घ.अन्य भूक्तानी		२३६५८२३१९	२०३७२६९५२		२०३७२६९५२			
कोषहरू	१५	२६६५३३१९	९१७४६६४		९१७४६६४			
धरौटी	१५	०	५१३७४२०		५१३७४२०			
संघीय,प्रदेश सरकार बा अन्य कार्यक्रम	१६	२०९९२९००	१८९६०२७९१		१८९६०२७९१			
कट्टी रकम दाखिला गर्न बाँकी		०	(१८७९२२)		(१८७९२२)			
ङ.योबर्षको बचत (न्युन) प्रासी 'भूक्तानी		(२९००९९८३६)	१९९०४४१४७		१९९०४४१४७			
च.गतबर्षको जिम्मेवारी रकम (अ.ल्या)		०	२८७७०२६१२		२८७७०२६१२			
वर्षन्तको बाँकी रकम(ङं च)		(२९००९९८३६)	४८६७४६७५९		४८६७४६७५९			
बैक तथा नगद बाँकी	२४	०	४९०१२३३९५		४९०१२३३९५			

- प्रासि र भुक्तानी हिसाब अनुसार बर्षान्तको बाँकी रु ४८६७४६७५९ देखिएकोमा श्रेस्ता अनुसार बैक तथा नगद बाँकी रु ४९०१२३३९५ देखिएको छ ।श्रेस्तामा फरक देखिएको रकम रु ३३७६६३६ को सम्बन्धमा एकिन गरी श्रेस्ता अद्यावधिक गरीनुपर्दछ।
- प्रासि र भुक्तानी हिसाब अनुसार धरौटी तर्फ रु ८२०६३०४।५५ आम्दानी देखिएकोमा धरौटीको आर्थिक आर्थिक बिबरणमा रु ७४५६३०५ देखिएकोले फरक देखिएको रकम रु ७४९९९९।५५ को सम्बन्धमा एकिन गरी श्रेस्ता अद्यावधिक गरीनुपर्दछ ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को पुर्ण रुपमा प्रयोग गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२. **धरौटी तथा कोषहरुः** नगरपालिकाको यस बर्षको धरौटी तथा अन्य कोषमा जिम्मेबारी, आम्दानी खर्च देहाय बमोजिम देखिएको छ ।

श्रोत	धरौटी	बिपत ब्यबस्थापन कोष	समपुरक कोष	कर्मचारी कल्याण कोष	औषधि उपचार कोष	अपाङ्ग सहयेग कोष	घाइते बेपत्ता कोष	मर्मत सम्भार कोष
शुरु मौज्दात	६९११८५७	१५२५६१०	७१३१५००	२२५०५४५	५०००००	३०००००	३०००००	९८१४५
यस बर्ष आम्दानी	७४५६३०५	२५१२७७०९	०	०	०	०	०	०
जम्मा	१४३६८१६२	२६६५३३१९	७१३१५००	२२५०५४५	५०००००	३०००००	३०००००	९८१४५
यस बर्ष खर्च	४३८७४२०	९१७४६५४	०	०	०	०	०	०
बाँकी	९९८०७४२	१७४७८६५५	७१३१५००	२२५०५४५	५०००००	३०००००	३०००००	९८१४५

३. **खर्च बिश्लेषणः** नगरपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु १२५६२६४५८।०३-राजस्व बाँडफाँड र अनुदानबाट रु ६७४९३७४१५ समेत ८००५६३८७३।०३ आम्दानी भएकोमा चालु तर्फ रु ३६३७२६१६२ र पूँजिगत तर्फ रु २७२२७४४५०।०० समेत रु ६३६०००६१२।खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १९.७५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु २०९६८५०० खर्च भएको छ जुन आन्तरिक आयको १६.६९ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३.८९ प्रतिशत चालु र ४०.३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरी प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

४. **जिम्मेवारी फरक परेकोः-** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर नगरपालिकाको गत बर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार वर्षको अन्त्यमा रु ३२१७३११२८।३४ मौज्दात कायम भएकोमा यो बर्षको प्राप्ति तथा भुक्तानी हिसाबमा रु २८७७०२६१२।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोभन्दा घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. ३४०२८५१६।३४

५. **बैक हिसाब मिलान नगरेको** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको खाता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु ४९०१२३३९५।७२ देखिएकोमा सो अबधिमा बैक अनुसार बैक मौज्दात रु ४४९९३६४०९ देखिएकोले श्रेस्ता भन्दा बैक घटी देखिएको रु ४०१८६९८६।७२ सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु ४०१८६९८६।७२

खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
चालु खर्च खाता	१३२८५२१४४।१६	१०२९७५५२।२५	
पूँजिगत खर्च खाता	१११८८०४००।०७	२०३०५४९५९।६९	
स्थानिय तह धरौटि खाता	९९८०७४२।०५	९९८०७४२।०५	
स्थानिय तह सञ्चित कोष खाता	२७९०३०२९९।३८	२०८६२४५०१।३२	
स्थनिय तह विभाज्य कोष खाता	५०००००	५०००००	
स्थानिय तह प्रकोप व्यवस्थापन खाता	१७४७८६५५।५४	१७४७८६५५।५४	
	(६१५९८७६५।४८)		
जम्मा	४९०१२३३९५।७२	४४९९३६४०९	४०१८६९८६।७२

६. **अनुदान फिर्ता दाखिलाः-** बिनियोजन ऐन, २०७६ को दफा ४ (१२) मा सशर्त, समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं २ को बिनियोजन ऐन २०७६ को दफा ४(१०)मा सशर्त, समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित स्थानिय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । तर देहाय बमोजिम सशर्त, समपुरक र बिशेष अनुदानको रकम रु. ३५००००० असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेकोले संघीय सञ्चित कोषमा रु. ३१०००००० र प्रदेश सञ्चित कोषमा रु. ४०००००० गरी दाखीला गनुपर्ने रु ३५००००००

बिवरण	संघिय श्रोत	प्रदेश श्रोत	जम्मा	कैफियत
बिषेश अनुदान	१५००००००	०	१५००००००	
समपुरक अनुदान	१६००००००	४००००००	२०००००००	
	३१००००००	४००००००	३५००००००	

७. **सम्पत्तिः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने, व्यवस्था रहेको छ ।यस नगरपालिका कार्यालय तथा वडा कार्यालयहरूमा रहेका सम्पत्तिहरूको विवरण देहाय अनुसार छः-

खर्च भएर नजाने सम्पतिको नाम	विवरण	खरिद रकम रु	प्रयोग अबस्था
जग्गा (नगरपालिका,बडा, हे.पो.,कृषी र पशु)	२-३-१९-०	१-५-४-० पुर्जा भएको,०-४-१०-०बिद्यालयको नाममा, ०-१४-५-० ऐलानी	
भवन (नगरपालिका,बडा, हे.पो.,कृषी र पशु)	३ कच्ची घर ११ पक्की घर	नखुलेको	
सफारी स्ट्रोम जिप	१	५९९५०००	नगर प्रमुख
जेनोन पिकअप	१	३२५५०००	उप प्रमुख
स्कारपियो	१	१२७०२००	प्र.प्र.अ.
निसान एम्बुलेन्स	१	नखुलेको	बर्दिबास अस्पताल
टाटा सुमो एम्बुलेन्स	१	नखुलेको	बर्दिबास अस्पताल
ब्याक हो लोडर	१	३३३३०००	नगरपालिका
रोलर मेशिन	१	३३५७५००	नगरपालिका
टिपर	१	२६४५०००	नगरपालिका
दमकल	१	५७५००००	नगरपालिका
मोटर साइकल	२८	१० वटाको मुल्य नखुलेको	पदाधिकारी, कर्मचारी र अन्य ३ब्याक्ती

उल्लेखित बिबरण आधारमा अबलोकन गर्दा नगरपालिकाले आफ्नो भबनमा प्रयोगमा रहेको एलानी जग्गाको कानून अनुसार नेपाल सरकारबाट भोगचलन स्विकृती नलिएको, सवारी साधन प्रयोग गर्दा म.ले.प.फा.नं २ अभिलेख नराखिएको, एम्बुलेन्स, ब्याक हो लोडर, रोलर मेशिन, टिपर तथा दमकल सञ्चालन कार्यविधि बमोजिम प्रभाबकारी कार्यान्वयन गरी प्रयोगको अभिलेख ब्यबस्थित नदेखिएको र नगरपालिकाको मोटरसाइकल कर्मचारी तथा पदाधिकारी बाहेक अन्य ब्यक्तीले समेत बुझि सबारी साधन प्रयोग गरेको समेत देखिएकोले नगरपालिकाको सम्पतिको उचित प्रयोग भएको देखिएन ।

८. **राजश्व खाता सञ्चालनः-** नेपाल राष्ट्र बैंकको सरकारी कारोवार निर्देशिका, २०७६ बुदा ४.१ मा स्थानिय तहले प्राप्त गर्ने सबै प्रकार राजश्व, अनुदान तथा बित्तीय ब्यबस्था बापतको रकमहरू शुरुमा ग १ समूह अन्तर्गत खातामा जम्मा गनुपर्ने उल्लेख छ । यी खाताहरूमा रकम जम्मा गर्न मिल्ने तर खर्च लेख्न नमिल्ने हुँदा स्थानिय तह सन्चितकोष खातामा खाता सञ्चालकको संयूक्त दस्तखतबाट बैक आदेश बमोजिम ट्रान्सफर गरिने ब्यबस्था छ ।नगरपालिकाले निर्देशिका बमोजिम उल्लेखित खाताहरू नखोलि सबै रकम सिधै सञ्चित कोषमा दाखिला गरेको छ । निर्देशिका बिपरित सिधै सञ्चित कोषमा दाखिला गर्न मिल्ने देखिदैन ।

९. **खर्च खाता सञ्चालनः-** नेपाल राष्ट्र बैंकको सरकारी कारोवार निर्देशिका, २०७६ बुदा ४.२ मा भएको ब्यबस्था अनुसार स्थानिय तहको खर्चको लागि कार्यसञ्चालन स्तरमा खाता खोल्नुपर्दा बर्षभरी निरन्तर चालु राखी आर्थिक बर्षको अन्त्यमा शुन्य गरि आगामी आर्थिक बर्षको लागि नबिकरण गरेर मात्र सञ्चालन गनुपदर्छ । सो प्रयोजनको लागि जोर बर्षमा जोर र बिजोर बर्षको बिजोर अलग अलग खाता खोल्नुपर्ने उल्लेख छ । जुन आर्थिक बर्षको लागि खोलिएको खर्च खाता हो सो आर्थिक बर्षको लागि सो खातामा संञ्चित कोषबाट बजेट अनुसार चौमासिक रुपमा ट्रान्सफर गरी प्राप्त निकासा रकम,कारणबस पेश्की प्रदान गरीएको रकम वा अन्य रकम फिर्ता हुन आएका रकम आर्थिक बर्ष नसकिदै त्यस्तो रकम खातामा जम्मा गर्न सकिनेछ । चालु आ.ब.को आषाढ मसान्तमा यस्ता खाताहरूमा बाँकी रहेको रकममध्ये सशर्त,समपुरक र बिशेष अनुदान को प्राप्त रकम सम्बन्धित सरकारलाई फिर्ता गर्न चेक जारी गनुपर्छ भने समानिकरण ,राजश्व बाडफाड , आन्तरिक श्रोत र ऋण रकम भए सञ्चित कोषमा फिर्ता पठाउनुपर्ने ब्यबस्था छ । त्यस्तै आर्थिक बर्षको अन्त्यमा भुक्तानी दिन बाँकी चेकहरू म.ले.प.फा.नं.२२० भरी सम्बन्धित बैकलाई श्रावण ३ गते भित्र उपलब्ध गराइ श्राबण ३० भित्र साटी बाँकी रहेको रकम सञ्चितकोष दाखिला गनुपर्ने उल्लेख छ । सो ब्यबस्था बमोजिम नगरपालिकाले आर्थिक बर्षको शुरुमा कार्यसञ्चालनस्तरका खाताहरू खोलि सञ्चालन गरेको देखिएन । सरकारी कारोवार गर्दा नेपाल राष्ट्र बैंकको सरकारी कारोवार निर्देशिका पालना गरिनुपर्दछ ।

१०. **संसोधित लेखा ढाँचामा विद्युतिय लेखाङ्कन तथा प्रतिवेदनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु

	पर्दछ । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली SUTRA सफ्टवेयर प्रयोग तथा खर्च र आय सम्वन्धमा संसोधित लेखा ढाचामा विद्युतिय लेखाङ्कन तथा बित्तीय बिबरण तयार हुनेगरी सफ्टवेयरमा पुर्ण रुपमा परिमार्जन गरेको देखिएन । देहाय बिबरण समेत अभिलेखमा आउने गरी सफ्टवेयरमा परिमार्जन गरी म.ले.प. फारामहरूको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन र नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।	

बिबरण	म.ले.प.फा.नं.	कैफियत
करदाताको लगत	१११	
राजश्व आम्दानीको दैनिक बैक भौचर प्राप्त गोश्वरा खाता	१०६	
राजश्को बैक हिसाब मिलान बिबरण	१०९	
बैक हिसाब मिलान बिबरण	२१२	
भुक्तानी दिन बाँकी चेकको बिबरण	२२०	
भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी	२२१	
प्राप्य रकमको मास्केवारी	२२२	
सन्तुलन परीक्षण	२२५	
खर्चको माशिक बाडफाड तथा नगद योजना	३०३	
बजेट रकमान्तर- कार्यक्रम संसोधनको बिबरण	३०४	
बस्तु तथा निर्माणको खरिद योजना	३११	
परामर्श सेवाको खरिद योजना	३१२	
मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता	४१५	
घर जग्गाको लगत किताब	४१७	
आइटमवाइज कार्य अभिलेख खाता	५०५	
ठेक्का सम्बन्धित गोश्बरा लगत	५०७	
बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण,परिबर्तन,र स्थगन अभिलेख	९०२	
डाटाब्याकअप प्रमाणिकरण फारम	९०३	
रसिद नियन्त्रण खाता	९०४	
सवारी साधन र मेशिन प्रयोगको लगबुक	९०५	
कर्मचारीको दस्तखत नमुना फारम	९१०	

११. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात पनि चालु खर्च खातामा रु १३२८५२१४४।१४ पुजीगत खर्च खातामा रु १११८८०४००।०७ र विभाज्य कोषमा रु ५००००० मौज्दात रहेको पाईयो ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सोबमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण नै गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।
- कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता गरेको पाइएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको तथा उठ्नुपर्ने आयको लगत तयार गरेको पाईएन ।

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२. **बार्षिक बजेट स्विकृतिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोहि ऐनको दफा ६५,६६,६७ बमोजिमको देहाय बमोजिम प्रकृया पुर्याइ कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था व्यवस्था अन्तरगत उपप्रमुख ले मिति २०७६।३ ।१० गते रु १ अर्व ६० करोड ७४ लाख ५० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३ । २५ मा पारित भएको छ। नगरपालिकाले यो वर्ष पूँजीगत कार्यक्रम अन्तर्गतका योजनातर्फ नगरकार्यपालिका र १४ वटा वडा गरि कुल योजनामा रु. १ अर्व १४ करोड ३३ लाख ५० हजार बजेट बिनियोजन गरेको छ भने चालु खर्च , निशर्त , सामाजिक सुरक्षा, पूँजिगत गरी कुल रु. ४६ करोड, ४१ लाख आय-व्ययको अनुमान पेश गरी बजेट पारीत गरेको देखिएको छ ।

बजेट तयारी चरण	नियमको ब्यबस्था	कार्य भएको मिति	सन्दर्भ कानून । कैफियत
स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित तहको कार्यपालिकामापेशगरी सक्नु पर्ने	प्रत्येक बर्ष पौष १५ भित्र	२०७६।३।५	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,स्थानीय तहको वार्षिक योजना तथा वजेट

			तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६
स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,	प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु	छैन	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६,स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६
बजेट तर्जुमा समितिले तयार गरेको वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा अनुसूची५ बमोजिमको ढाँचामा अध्यक्षरप्रमुख मार्फत् कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा पेश गर्दा आर्थिक विधेयक अनुसूची६ बमोजिमको ढाँचामा र विनियोजन विधेयक अनुसूची ७ बमोजिमको ढाँचामा समेत पेश गर्नु पर्नेछ ।	असार ५ गते भित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६
गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्षवा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्नेछ	असार १० गतेभित्र	२०७६।३।१०	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१,स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को बुदा ६
कार्यपालिकाबाट पेश भएको बजेट तथा कार्यक्रम सम्वन्धित सभाले पारित गरिसक्नु पर्नेछ ।	असार मसान्त भित्र	२०७६।३।२५	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१
सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्ने छ । साथै सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वेवसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ ।	श्रावण १५ भित्र	२०७६।४।१५	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६

निर्धारीत कार्यतालिका बमाजिम उल्लेखित तोकिएका अधिकारीले वजेट तैयारी गर्ने कार्यमा सम्लग्न नभएको देखिएकोले यथार्थ रुपमा बजेट तैयारी गर्न समस्या देखिएको छ । निर्धारीत कार्यतालिका बमाजिम तोकिएका अधिकारीले वजेट तैयारी कार्यमा संम्लग्न हनुपर्दछ ।

१३. **अबण्डा बजेटः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष सिचाइ ब्यबस्थापन मेयर कृषि कार्यक्रममा रु २ करोड,मागमा अधारीत शिक्षा बिकास कार्यक्रममा रु १ करोड ५० लाख, मागमा आधारीत साना पुर्वाधार बिकास कार्यक्रम रु ५० लाख गरी रु ४ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१४. **लक्ष्य प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । यस वर्ष सञ्चालित सारभूत कार्यक्रम, क्रियकलापको विवरण देहाय बमोजिम रहेका छन् ।

कार्यक्रम क्रियाकलापको नाम	गर्नुपर्ने कामको परिमाण	कार्य भएको कामको परिमाण	खर्च प्रगति प्रतिशत	प्रगति हुन नसक्नेुको कारण
स्थानीय पुर्वाधार विकास कायैक्रम	११	११	९५.६३	
प्रदेश सरकार शसर्त कार्यक्रम	८	८	८८.२३	
प्रदेश सरकार शसर्त थप कार्यक्रम	२	२	८१.४१	
प्रदेश सरकार बिशेष अनुदान	१	१	१००	
सघीय सरकार शशर्त अनुदान	१५	११	६८.५२	
नगरपालीका पूँजिगत	४३५	२०२	२९.२२	
जम्मा	४७२	२३५	३५.७	

१५. **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत स्तरको भए कार्यक्रम र बजेट सहित प्रचलित कानून

वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ को आय व्ययको प्रक्षेपण २०७६ असार २५ मा सभावाट स्वीकृत भएको र सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था अन्तरगत प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

बजेट कार्यान्वयनका चरण	नियमको व्यबस्था	कार्य भएको मिति	सन्दर्भ कानून । कैफियत
सभाबाट बजेट स्विकृत भएको मिति	असार मसान्त भित्र	२०७६।३।२५	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१
प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान	सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र	२०७६।४।१	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३
प्रमुख प्रशासकीय अधिकृतले अनुसूची८बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग र महाशाखार शाखा र इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनकोजिम्मा दिनुपर्ने	अख्तियारी प्राप्त भएको १५ दिनभित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६
सम्बन्धित विभाग र महाशाखा र शाखा र एकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनकोकार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ	योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६
सबै विभाग र महाशाखा र शाखा र इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृतकार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने		छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६
गाउँपालिका वा नगरपालिकाले आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने	आर्थिक वर्ष शुरु भएको एक महिना भित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.१

निर्धारीत कार्यतलिका बमाजिम कार्य नहुँदा बजेट कार्यन्वयनका चरणमा ढिलाई हुने, समयमा साधन स्रोतको परिचालन नहुने र खरीद तथा योजना समयमा कार्यन्वयनमा नहुने भइ अर्थिक बर्षको अन्तमा खर्चको व्यभार बढ्ने र योजना कार्यन्वयन बेलैमा नभइ योजनाहरूको जिम्मेबारी पछिलो बर्षमा सर्ने गरेको छ । निर्धारीत कार्यतलिका बमोजिम कार्य गरीनुपर्दछ ।

१६. **चौमासिक पूँजीगत खर्च** — आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालय ले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ९% दोस्रो चौमासिकमा ११%, तेस्रो चौमासिकमा ८०% र आषाढ महिनामा ५०% खर्च भएको देखिएको छ। ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रे चौमासिक	
१	नगरपालिका पूँजिगत	२१४५०६९८६	२७७३१५२२	२६१०८६९८	१६०२२५१३६	७१४३२९९०
२	शशर्त पूँजिगत संघिय	४५९४४८३९	०	५८८९३७७	४००५५४६२	३६९५२१९७
३	शशर्त पूँजिगत प्रदेश	११८२२६२५	०	०	११८२२६२५	११८२२६२५
४	प्रदेश थप	२५०००००	०	०	२५०००००	२५०००००
५	प्रदेश थप	१७३३४२०	०	०	१७३३४२०	१७३३४२०
६	स्थानिय पुर्वाधार	२५७२५०२३	०	०	२५७२५०२३	२५७२५०२३
	कूल खर्चः	३०२२३२८९३	२७७३१५२२	३१९९८०७५	२४२०६१६६६	१५०१६६२५५
	खर्च प्रतिशत	१००	९	११	८०	४९.६८

१७. **योजना छनौटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र छरिएको देखिएको छ । योजनाको संख्या धेरै हुंदा नगरपालिकाको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्राविधिक कर्मचारीलाइं कार्यसम्पादनमा कठिनाइं भई त्यसको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । स्विकृत बार्षिक बजेट भित्र यस बर्ष रकमगत योजना छनौटको अबस्था देहाय बमोजिम देखिएको छ ।

सि.नं.	विवरण	बजेटमा योजना संख्या
१	५० हजार देखि १ लाख सम्मका	६२

२	१ देखि ३ लाख सम्मका	१०९
३	३ लाख ५ लाख सम्मका	६९
४	५ लाख देखि १० लाख सम्मका	५७
५	१० लाख भन्दा माथिका	११८
जम्मा		४१५

१८. **योजना कार्यन्वयन स्थितिः-** नगरपालीका सभावाट आर्थिक वर्ष २०७६।७७ मा बजेट बिनियोजन भएका विभिन्न नगरस्तरीय, वडास्तरिय, र बहुवर्षिय योजना कार्यान्वयन अवस्था देहाय बमोजिम देखिएको छ।

विवरण	स्विकृत योजना संख्या	पहिलो चौमासिकमा खरिद सम्झौता संख्या	दोश्रो चौमासिकमा खरिद सम्झौता संख्या	तेश्रो चौमासिकमा खरिद सम्झौता संख्या	सम्पन्न भएका योजना संख्या	सम्झौता मध्ये	
						सिधै, बोल पत्रमार्फत	उपभोक्ता समिति मार्फत
नगरस्तरीय	५६	०	०	१४	१४	१	१३
वडा स्तरीय	३५९	०	४५	१०४	१४९	०	१४९
बहुवर्षिय	१	०	०	०	०	१	०
जम्मा	४५६	०	४५	११८	१६३	२	१६२

कार्यान्वयन भएका योजनामध्ये सबै योजनाहरू पहिलो चौमासिकमा सम्झौता नभएको र दोश्रो चौमासिकमा ४५ र तेश्रो चौमासिकमा ११८ सम्झौता भएको देखिएको छ । अधिकांस योजना तेश्रो चौमासिकमा सम्झौता गर्दा योजना कार्यान्वयनमा हतारमा कार्य भइ गुणस्तरीयता नआउने र तोकिएको चौमासिकमा बजेट रकम खर्च नहुने हुँदा नागरीकलाई **Time value of money** को लाभ बेलैमा प्राप्त नहुने र समग्र राष्ट्रिय उत्पादकत्वमा ह्रास आउने देखिएको छ ।

१९. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित ६० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृतसहित ३३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.डि.इ.अधिकृत, जनस्वास्थ्य अधिकृतसहित २७ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ।तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२०. **कर्मचारी करारः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर पालिकाले स्विकृत दरबन्दी भित्र ३ दरबन्दी बाहेक ४० जना गरी कुल ४३ जना कर्मचारीहरू करारमा राखि रु.१४४४५३०७.९४ खर्च लेखेकोछ।

त्यसैगरी सोही ऐन २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पद वाहेक रोजगार संयोजक, सुचना प्रबिधि अधिकृत, सब इन्जिनियर लगायत विभिन्न पदमा करार नियुक्ति गरी भुक्तानी गरेको कार्य ऐन बिपरित देखिएकोले कानून अनुसार मात्र नियुक्ती गरिनु पर्दछ ।

२१. **कानून र सञ्चालन स्थितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४३ बटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ६ वटा ऐन, ३ वटा नियमावली, १७ कार्यविधि र ३ वटा निर्देशिका लगायत २९ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ।साथै नगरपालिकाले २९ वटा कानूनहरू निर्माण गरी सभा,कार्यपालिकाबाट स्वीकृत गरेतापनि १७ कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन।तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२२. **न्यायीक समितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७६ र यो बर्ष थप भएको २४ गरी कुल १०० विवाद दर्ता भएकोमा ९२ वटा मात्र फछ्र्यौट भई ८ वटा बाँकी देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२३. **आन्तरिक लेखापरीक्षणः-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।तर नगरपालिकाले अन्तर सरकारी अख्तियारी तर्फको कारोबारको आन्तरिक लेखापरीक्षण को.ले.नि.का. बाट गराएपनि आन्तरीक आय, राजश्व बाँडफाँड, अनुदान तथा कोषहरुको आन्तरीक लेखापरीक्षण गराएको छैन। तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

२४. **सार्वजनिक जग्गाको संरक्षणः** स्थानीय सरकार सञ्चालन ऐनको दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएको छ । नगरपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखि रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन ।साथै नगरपालिकामा रहेका सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको तथा अनुगमन नभएको कारण समेतबाट सार्वजनिक तथा पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गरे नगरेको वा अरु कुनै ब्यहोराले हक हस्तानतरण वा लिजमा दिए, नदिएको एकिन भएन ।

२५. **जग्गा उपयोग मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरूको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।

२६. **राष्ट्रिय भवन संहिताः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवनसंहिता पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्न पालिकामा साधन र स्रोत नरहेको, सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको, सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको, भवन डिजाइन र निर्माणमा एकै प्राविधिकको संलग्नता रही दोहोरो जाँचको व्यवस्था समेत नरहेको अवस्था छ । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ ।

२७. **सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्थाः-** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सावंजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरू प्रकाशन गर्नुंपर्ने व्यवस्थाका साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरू समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुंपर्ने प्रावधान रहेकोछ । यि प्रावधान अनुसार नगरपालीकाले आ.व. २०७६।७७ मा गरेका कार्यहरू समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र देहाय बिषयहरु समेत वेभसाइडमा अपलोड गरेको देखिएन ।

बिवरण	वेभसाइडमा अपलोड	सन्दर्भ कानून
कार्यलयको प्रगति तथा उपलब्धिहरू	अपलोड नभएको	सरकारी निकायको बेभसाइड निर्माण तथा व्यबस्थापन निर्देशिका २०६८को बुदा ५(१)
नगरपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरीबस्तुगत विवरण profile तयार वा अद्यावधिक गरेको	अपलोड नभएको	स्थानीय तह वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ८(२)
सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम वार्षिक प्रतिवेदन	अपलोड नभएको	सरकारी निकायको बेभसाइड निर्माण तथा व्यबस्थापन निर्देशिका २०६८को बुदा ५(१)
नगरपालिकाले आफ्नो आय ब्ययको बिबरण प्रत्येक महिनाको ७ गतेभित्र सार्बजनिक गर्नुपर्ने व्यवस्था	अपलोड नभएको	स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ४

खरिद सम्झौताको बिबरण सहितको सुचना सम्झौता भएको ३ दिन भित्र	अपलोड नभएको	सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३७

२८. **सेवा प्रवाहः**'स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरू कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खर्च तथा खरिद प्रक्रिया कानून विपरीत हुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवा प्रवाहमा समस्या रहेको छ । स्थानीय तहले सेवाग्राहीबाट सेवा सन्तुष्टि मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरेका छैनन् । कार्यको प्राथमिकीकरण हुन नसकेको तथा स्थानीय तह आफैले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्था मार्फत गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह अपेक्षा अनुरुप हुन सकेको छैन ।

२९. **फोहोरमैला व्यवस्थापनः** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । नगरपालिकाले फोहोरमैला व्यवस्थापनको लागि जनमुखि साना किसान कृषि सहकारी सस्थासग माशिक रुपमा रु ७५००० दिनेगरी सम्झौता गरी भुक्तानी दिएपनि ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण कार्य भएको छैन ।फोहोरमैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने" अवधारणा लागू गरी दीगो व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

३०. **फोहोर व्यवस्थापन आयः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम नगरपालिकाले फोहोर मैला व्यवस्थापन गरे वापत सेवा शुल्क उठाउने व्यवस्था छ । फोहोर मैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ मा स्थानीय निकायको अनुमति नलिई कसैले पनि फोहोर मैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था र दफा १५ को उपदफा (१) बमोजिम नीजि क्षेत्र वा सामुदायिक संस्थाबाट प्रतिपर्धा गराई फोहोर मैला व्यवस्थापनको जिम्मा दिने व्यवस्था छ तथा उपदफा २ (क) बमोजिम फोहोर व्यवस्थापक छनोट गर्दा स्थानीय निकायलाई बुझाउन कबुल गरेको रकम यकिन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बिगतदेखि फोहोरमैला व्यवस्थापनको लागि जनमुखि साना किसान कृषि सहकारी सस्थासग माशिक रुपमा रु ७५००० दिनेगरी सम्झौता गरी भुक्तानी दिएपनि फोहोर मैला व्यवस्थापन गरे वापतको सेवा शुल्कको स्थानिय तहलाई बुझाउने गरेको पाइएन ।

३१. **पेश्कीः**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेश्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ। निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु. २२९५१८०

मिति	पेश्की लिनेको नाम	वापत	पेश्की रकम
२०७६।९।२८	सि.अ.न.मि.शान्ता कुमारी थापा	मातृ तथा नवशिशु कार्यक्रम	५१२०००
२०७७।३।२५	शा.अ.चित्रराज निरौला	गरीब पहिचान तथा परिचयपत्र बितरण कार्यक्रम पारिश्रमिक	५८८६००
२०७७।३।२५	शा.अ.चित्रराज निरौला	गरीब पहिचान तथा परिचयपत्र बितरण कार्यक्रम महशुल	४४०००
२०७७।३।२५	शा.अ.चित्रराज निरौला	गरीब पहिचान तथा परिचयपत्र बितरण कार्यक्रम बिबिध	१९८०००
२०७७।३।२२	सुपरभाइजर निरीक्षक सुरेन्द्र कुमार चौधरी	रोटा खोप सुरुवात	३००००
२०७७।३।२२	सुपरभाइजर निरीक्षक सुरेन्द्र कुमार चौधरी	स्थानिय तहका स्वास्थ्य संस्थाहरूकौ बिद्युतिय प्रतिबेदन	१७२०००
२०७६।१२।३	प्रगतिशल सामुदायिक सिकाइ केन्द्र	अनौपचारीक तथा बैकल्पिक शिक्षा कार्यक्रम	९१२८०
२०७६।१०।२६	प्रगतिशल सामुदायिक सिकाइ केन्द्र	अनौपचारीक तथा बैकल्पिक शिक्षा कार्यक्रम	९३३००
२०७७।२।११	सि.अ.न.मि.शान्ता कुमारी थापा	मातृ तथा नवशिशु कार्यक्रम	५००००
२०७७।३।१८	लैगिक सम्पर्क बिन्दु तथा लैगिक सञ्जाल	तालिम	६६०००
	जम्मा		२२९५१८०

आन्तरीक आय

३२. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
११३१३ एकिकृत सम्पत्ति कर	५०००००	६३६०३७४	१२७.०७
११३१४ भुमिकर,मालपोत	४५०००००	२७३९०८५	५१.९७
११३२१ घरबहाल कर	६००००००	७३२७२१६	१२२.१२
११३२२ बहाल बिटौरी कर	१०००००	१३००	१.३
११४७२ विज्ञापन कर	१८०००००	०	०
११४७३ अन्य मनोरञ्जन कर	१५०००	०	०
११६९१ अन्य कर	०	५१५७१०	
१४१५१ सरकारी सम्पतिको बाहालबाट प्राप्त आय	५०००००	०	०
१४२१३ अन्य बिक्रिबाट प्राप्त रकम	८४९८५०००	६४५३४५७७	७५.९३
१४२४२ नक्सापास दस्तुर	४००००००	१०६३२३२	२६.५८
१४२४३ सिफारीश दस्तुर	४००००००	२८९७२१०	७२.४३
१४३१२ प्रशासनिक दण्ड जरिवाना	१५०००००	६२४७६०	४१.६५
१४६११ व्यवसाय कर	६००००००	७०२४७०	११.७०
जम्मा	९२४८५०००	८६७६५९३४	९३.८१

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३३. **मनोरञ्जन करः-** २ नम्बर प्रदेश आर्थिक ऐन २०७६ को दफा दफा ४ मा मनोरञ्जन स्थल (सिनेमा, नाचगान, अपेरा ,थ्रियटर, सर्कस, चटक, खेल, प्रर्दशनी, कन्सर्ट, फनपार्क, वाटरगार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन) मा प्रवेश गरेबापत अनुसुचि ३ बमोजिम चलचित्र,संस्कृतिक प्रदशर्न, दाहोरी सांझ, डान्सवार, कन्सर्ट, नाटकघर ,भिडियोघर, थ्रियटर, पार्क आदीको प्रबेश शुल्कको पाच प्रतिशत जादु सर्कस तिन महिना सम्म दैनिक रु सय र जादु सर्कस तिन महिना भन्दा बढी माशिक रु पाँचहजारले मनोरञ्जन कर लगाइने र नगरपालिकाबाट संकलन गरी चालिस प्रतिशत माशिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७६।७७ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

३४. **बिज्ञापन करः** २ नम्बर प्रदेश आर्थिक ऐन, २०७६ को दफा दफा ५ मा प्रदेश भित्र राखिने होडिङबोर्ड,साइनबोर्ड,ब्यानर,ट्राइभिजन बोर्ड,ग्लो बोर्ड,डिजिटल बोर्ड,स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रि गरिएको बिज्ञापनमा स्थानिय तहले निर्धारण गरे बमोजिम नगरपालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७६।७७ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नुपर्दछ ।

३५. **वातावरणिय प्रभाव मुल्याङकन तथा निकासी परिमाणः**ढुङ्गा, गिटि, बालुवा, उत्खनन, संकलन, क्रसिङ्गर बिक्रि बितरण तथा क्रसर उद्योग स्थापनार सञ्चालनलाई ब्यबस्थित गर्ने कार्यबिधि २०७५को बुदा ६(१) मा ढुङ्गा, गिटि, बालुवा, माटो दहत्तर, बहत्तर उत्खनन र संकलन गर्ने स्थानिय तहले त्यसरी उत्खनन र संकलन गर्नुअघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणिय परीक्षण वा वातावरणिय प्रभाव मुल्याङकन गराउनुपर्ने र कार्यबिधि २०७५को बुदा ६(२ र४)मा क्रसर उद्योगले आफ्नो उद्योगको प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणिय परीक्षण वा वातावरणिय प्रभाव मुल्याङकन गराइ स्विकृत पश्चात सञ्चालन गर्नुपर्ने ब्यवस्था छ ।नगरपालिकाले दहत्तर,बहत्तर उत्खनन र संकलनको प्रारम्भिक वातावरणिय परीक्षण वा वातावरणिय प्रभाव मुल्याङकन तयार गराइ आय ठेक्का लगाएपनि क्रसर उद्योगको हकमा प्रारम्भिक वातावरणिय परीक्षण वा वातावरणिय प्रभाव मुल्याङकन गराई सो को प्रतिबेदन स्विकृत नगराइ उद्योग स्थापना गरी सञ्चालन गरेको देखिएको छ । साथै प्रारम्भिक वातावरणिय परीक्षण प्रतिबेदनमा बाताबरणिय दृष्टीले उत्खनन गर्न सकिने भनि निर्धारण गरेको परिमाणमा आय ठेक्का लगाउने गरेको भएपनि निकासी गरेको परिमाण खुलाएको बिबरण पेश नगर्ने गरेकोले प्राकृतिक श्रोत दोहनको उचित सदुपयोग भएको छ भन्ने अबस्था भएन ।

३६. **दहत्तर बहत्तर शुल्कः** २ नम्बर प्रदेश आर्थिक ऐन २०७६ को दफा दफा ६ मा प्रदेशभित्र ढुङ्गा,गिटि,बालुवा,माटो,खोलाले बगाइ ल्याएको काठ,दाउरा लगायतका दहत्तर बहत्तरको संकलनमा अनुसुचि ४ बमोजिम ढुङ्गा, गिटि, बालुवा, स्लेट, ग्राभेल र रोडामा प्रति क्युफिट रु. ३ देखि रु ४ सम्म, माटो प्रति क्युफिट रु १ देखि रु २ सम्म र काठ दाउरा बिक्रि मुल्यको दश प्रतिशत नघट्नेगरी सम्बन्धित नगरपालिकबाट शुल्क लगाइने र नगरपालिकाबाट संकलन गरी संकलित शुल्कको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ ।नगरपालिकाले आर्थिक बर्ष २०७६।७७ को लागि जंगारखेला,रातुखोला र भब्सी खोलाको बिभिन्न ७ स्थानमा आइ.इ.इ.ले बार्षिक रुपमा उत्खनन गर्न सकिने भनी उल्लेख गरेको ५४३६७३ घ.मी. ढुङ्गा, गिटि, बालुवा, र नगरपालिकाबाट १४१७ घ.मी. निकासी गर्न २०७६।११।९मा ३० दिने सुचना प्रकाशित गरी बोलपत्र आह्वान गरेकोमा जंगारखेला र नगरपालिका निकासीमा बोलपत्र नपरेपनि अन्य ६ ठेक्कामा बोलपत्र परेकोले मिति २०७६।१२।१०मा बोलपत्र खोली सो को २ महिनापछि मिति २०७७।२।२२ को कार्यपालिकाको बैठकबाट कोभिड-१९ को कारण यस अबस्थामा कार्य सम्पन्न गर्न नसक्ने भएकोले आय ठेक्का रद्द गर्ने निर्णय गरेको देखिन्छ । आर्थिक बर्ष २०७६।७७ को लागि आय ठेक्का आर्थिक बर्ष २०७५।७६ अन्ततिर नै टुङ्गो लगाइ नयाँ आर्थिक बर्षमा आय असुलि गर्नुपर्नेमा आर्थिक बर्ष शुरु भएको ८ महिनापछि आय ठेक्का प्रकृया शुरु गरी आर्थिक बर्ष समाप्त हुनु महिना दिन अघि रद्द भएकोले सालाखाला रु ४ करोड २९ लाख न्युनतम कबोल अंक भएको ६ ठेक्काकोआय असुलि नभएको अबस्था छ । समयमा ठेक्का लगाइ आय असुलि गरीनुपर्दछ ।

३७. **राजश्व वाँडफाँड-** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु १९९९९।२

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाएको रकम	पठाउन बाँकी रकम
दहत्तर बहत्तर शुल्क	९०४५१३४८	४०	३५९८०५४०	१९९९९।२

३८. **आय ठेक्कामा मु.अ.करः** मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १५ (३) मा स्थानिय तहले मुल्य अभिबृद्धि कर लाग्ने बस्तु वा सेवा बिक्रि गर्दा कर असुल उपर गनुपर्ने ब्यबस्था छ । नगरपालिकाले देहाय आय ठेक्कामा ब्यबसायीले कबोल गरेको रकममा मू.अ.कर आय असुली गरेकोमा मू.अ.कर राजश्व खातामा दाखिला भएको नदेखिएकोले सम्बन्धित राजश्व खातामा दाखिला गनुपर्ने रु ३७९८०७२

आय ठेक्काको नाम	ठेक्काब्यबसायीको नाम	सम्झौता मिति	कबोल रकम (मू.अ.कर समेत)	राजश्व खातामा दाखिला नभएको मू.अ.कर
मोडल एग्रो भिलेज पोखरी उत्खनन ठेक्का	शिवालय/दिवा जे.भि	२०७७।२।२५	७९७३२८०	९१७२८०
	रोशन कन्ट्रक्सन	२०७७।२।२९	२३९२०५००	२७५१९१५
	तिरुपति बालाजी सप्लायर	२०७७।२।२९	११२०२४३	१२८८७७
			जम्मा	३७९८०७२

३९. **प्रतिस्पर्धा वेगर आय असुली :** नगरपालिकाले नदिजन्य पदार्थको आय ठेक्का प्रचलित कानुन बमोजिम प्रतिस्पर्धाबाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले मेयर कृषि कार्यक्रम भित्र पर्ने माछापोखरी निर्माण गर्दा निश्कासन हुने नदिजन्य पदार्थ रोशन कन्स्ट्रक्सनलाई १५०००० घ.मि. ग्राभेलको रु.२३९२०५००। र शिवालय दिवा जे भिलाई १००००० घ.मि. ग्राभेलको रु.७९७३२८० मा सोझै ठेक्का दिइ मिति २०७७।२।२९ र २०७७।२।२७ मा सम्झौता भएको देखियो । उल्लिखित प्रावधान अनुसार उक्त नदिजन्य पदार्थ निश्कासन गर्दा प्रतिस्पर्धाबाट गराउनुपर्नेमा सोझै दिएकोले प्रचलित कानुनको अनुसरण भएको पाइएन । यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्नानुसार छन् ।

क० **ठेक्का आय दाखिला नभएको** नगरपालिकाले यस बर्ष लगाएको देहाय बमोजिम आय ठेक्काको सम्झौताको निर्धारित कार्यतालीका बमोजिम ठेक्का रकम दाखिला नगरे बैक जमानत जफ्त गरी ठेक्काको सम्झौताको रकम असुल गर्नुपर्नेमा नगरेकोले सम्झौताको शर्त अनुसार थप एकिन गरी बैक जमानत जफ्त गरी जरिवाना समेत हिसाब गरी असुल गर्नुपर्ने रु १८९१७७६२

ठेकेदारको नाम	बिबरण	ठेक्का रकम	दाखिला रकम	असुल गर्नुपर्ने
रोशन कन्ट्रक्सन	एग्रो भिलेज पोखरी उत्खनन ठेक्का १५००००घ.मी.	२३९२०५००	६००००००	१७९२०५००
शिवालय/दिवा जे.भि	एग्रो भिलेज पोखरी उत्खनन ठेक्कामा प्राबिधिक रिपोटमा बढि	९९७२६२	०	९९७२६२

	उठाएका परीमाण ६२५४घ.मी.			
	जम्मा			१८९१७७६२

४०. **क्रसर उद्योग स्थापना र सञ्चालनः-** ढुङ्गा, गिटि, बालुवा, उत्खनन, संकलन, क्रसिङ्गर बिक्रि बितरण तथा क्रसर उद्योग स्थापनार सञ्चालनलाई ब्यबस्थित गर्ने कार्यबिधि २०७५ को बुदा ४ मा क्रसर र प्रसोधन उद्योग सञ्चालन गर्न चाहने ब्यक्ती वा सस्थाले स्थानिय तहमा सहमतिको लागि दरखास्त दिनुपर्ने र सहमतिकोलागि दरखास्त दिदा तोकिएको मापदण्ड र शर्तहरू पुरा गर्ने ब्यबस्था छ । त्यस्तै सोही कार्यिबिधिको बुदा १२(३) बमोजिम दर्ता भएका क्रसर उद्योगले सोहि कार्यबिधिको बुदा १८(१) बमोजिम कच्चा वा प्रसोधित ढुङ्गा, गिटि, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, बिक्री बितरण तथा घाटगद्दिमा भएको मौज्दात सहितको परिमाणत्मक बिबरण माशिक रुपमा सम्बन्धित स्थानिय तह पेश गर्नुपर्ने ब्यबस्था छ । कार्यबिधि बमोजिम सञ्चालनमा आएका २२ वटा क्रसर उद्योगले तोकिएको पुरा गरे नगरेको अनुगमन नभएको र कच्चा वा प्रसोधित ढुङ्गा, गिटि, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, बिक्री बितरण तथा घाटगद्दिमा भएको मौज्दात सहितको परिमाणत्मक बिबरण माशिक रुपमा सम्बन्धित स्थानिय तह पेश गरेको देखिएन ।

४१. **पोखरीको आयः-** नगरपालिकाले आफ्नो क्षेत्रभित्रमा रहेका सार्बजनिक पोखरीको लगत अद्याबधिक गरी राख्नुपर्ने,ति पोखरीको उचित संरक्षण गरी माछापालन ठेक्काबाट नगरपालिकाको आयआर्जनको श्रोत बढाउनुपर्नेमा हालसम्म सार्बजनिक पोखरीको लगत अद्याबधिक नगरेको, सार्बजनिक पोखरीको माछापालनबाट आयआर्जन नभएको अबस्था छ ।

४२. **राजश्वको सफ्टवेयरः** नगरपालिकाले राजश्व असूलीलाई व्यवस्थित बनाउन साङ्ग्रीला माइक्रोसिस्टम प्रा.लि. ले तयार गरेको सफ्टवेयर प्रयोगमा ल्याइ आम्दानीको अभिलेख गरेको देखिएका छ । यस सफ्टवेयर प्रयोग गर्दा राजश्व संकलनको मात्र अभिलेख राखेको तर रकम दाखिलाको अभिलेख नराखेको पाइएकोले सफ्टवेयरबाट कति नगद रकम दाखिला भयो एकिन भएन ।साथै राजश्व सफ्टवेयरबाट आम्दानी र सुत्र सफ्टबेयरबाट देखिएको आम्दानी भिडान गरी यथार्थ एकिन गरी फरक देखिएमा दाखिला गरीनुपर्छ । अत आम्दानीको अभिलेख सफ्टवेयर बाट राखिने गरेतापनि पुर्ण रुपमा सुरक्षित सफ्टवेयरको प्रयोग गरी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

विपद् व्यवस्थापन

४३. **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

४४. **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यको पालना गर्नु पर्दछ ।

४५. **प्रकोप ब्यबस्थापन को आय आयब्ययः-** गत बर्षको जिम्मेबारी सरी आएको रु १५२५६१०।५४ यस बर्ष नगरपालिका बाट बिनियोजित रकम ट्रान्सफर भई आएको रु २२१७९२८२।३३ प्रदेश सरकारबाट प्राप्त रु १५००००० र ब्यक्ति तथा संस्था बाट सहयोग रु १४४८४२६।६७ गरी रु २६६५३३१९।५४ आम्दानी भएकोमा यस बर्षको कोभिड १९ को लागि राहत वितरणमा रु ४२२८५३१ क्वारेनटाईन व्यवथापनमा रु ८३७९८७ क्वारेनटाईनमा खाज खाना खर्च रु ४१८७१७ पि सि आर मेसिन खरिदमा रु २९९४५०० रु कोभिड बाहेक खर्च रु ६९४९२९ समेत गरी रु ९१७४६६४ खर्च भई १७४७८६५५।५४ मौज्दात रहेकोमा देखिएको देहाय ब्यहोराहरू देखिएको छ ।

- वडा नं १ देखि १४ वडा सम्मका छनौट भएका ४९६० घरपरीवारको राहतको लागि कार्यपालिकाको निर्णय वमोजिम ४ जना सम्म परिवार भएका लाई प्रति प्याकेज रु ७०० र ४ जना भन्दा बढी लाई प्रति प्याकेज

११०० मुल्य बराबरका चामल दाल तेल नुन साबुन बितरण गर्ने निर्णय बमोजिम वडा कार्यालयहरूले राशन बिक्रेताको मुल्य सुचि लिई खरिद गरी बितरण गरेकोमा केहिको बितरण भरपाईमा चामल दाल नुन तेल भनि परिमाण समेत नखुलाई बितरण गरेको भरपाइबाट देखिएको छ ।

- राहत बितरण तथा क्वारेनटाईन व्यवस्थापनमा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरीद योजना बनाइ खरिद गर्नु पर्नेमा वडा कार्यालयलले खरिद गरी राहत वितरण गरेको कागजपत्रको आधारमा र ३ वटा क्वारेनटाईन आइसोलुसनको व्यवस्थापन गरी नगरपालिका आफैले खरीद गरी भुक्तानी गरेको छ ।

४६. **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

नगरपालिका चालु (राजश्व बाडफाँड तथा आन्तरिक श्रोत)

४७. **राजश्व बाडफाँडः** राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले आ.ब. २०७६।७७ को लागी संघिय बिभाज्यकोषबाट स्थानिय तहमा मिति २०७५।११।२९ मा राजश्व बाडफाडबाट प्राप्त हुने रकमको उपयोगको गर्दा राजश्व बाडफाडबाट प्राप्त हुने रकम मुलत सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरीक आयबाट ब्यबस्थापन गर्ने तर अत्याबश्यक प्रशासनिक खर्चको लागी आफ्नो आन्तरीक आय अपर्याप्त भएको अबस्थामा मात्र किफायती रुपमा राजश्व बाडफाडको रकम उपयोग गरी बाकी रकम बिकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट बिनियोजन गनुपर्ने गरी मार्गदर्शन गरेकोमा नगरपालिकाले प्राप्त अनुदान रकम मुलत सामाजिक सेवा, बिकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी सबै रकम दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरीक श्रोत बृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरीनुपर्छ ।

४८. **पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिमा मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सो सम्बन्धमा मुद्दा परी सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुनेगरी उक्त कानून खारेज गरेकोमा २ नम्बर प्रदेश सरकारले नयाँ कानून बनाइ मिति २०७७।३।३१ को राजपत्रमा मा प्रकाशन गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को अनूसूचि ख बमोजिम सुबिधा नपाएको मिति पश्चात पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधामा नयाँ पुरानो गरी निम्नानुसार रु.२०९६८५०० खर्च लेखेको देखिन्छ ।

सि.नं	विवरण	प्रमुख	उपप्रमुख	वडा अध्यक्ष १४ जना	कार्य पालिका सदस्य ८ जना	सभाका सदस्य ५१ जना	जम्मा
	पुरानो सुबिधा श्रावण आश्विन						
१	मासिक सुविधा	३५०००	३१०००	३०८०००	१७६०००	३५७०००	९०७०००
	नया सुबिधा कार्तिक आषाढ						
२	यातायात खर्च	०	०	२००००	६८०००	१५३०००	२४१०००
३	पत्रपत्रिका,इन्टरनेट	३०००	३०००	४२०००	२४०००	१०२०००	१७४०००
४	टेलिफोन,मेबाइल र रिचार्ज	०	०	४२०००	१६०००	१०२०००	१६००००
५	अतिथि सत्कार	१६५००	११५००	११२०००	६००००	१२७५००	३२७५००
६	चाडपर्व खर्च	१५०००	१५०००	२१००००	१२००००	७६५०००	११२५०००
	जम्मा पुरानो ३ महिनाको	१०५०००	९३०००	९२४०००	५२८०००	१०७१०००	२७२१०००
	जम्मा मासिक नयाँ ९ महिनाको	३१०५००	२६५५००	३६७२०००	२५९२०००	१२४९५००	१८२४७५००
	जम्मा वार्षिक नया पुरानो	४१५५००	३५८५००	४५९६०००	३१२००००	२३२०५००	२०९६८५००

४९. **तलबी प्रतिबेदनः-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन कार्यपालिकाबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेखुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष नगरपालिकाका सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि रु.२०४६१५०८।२४ तलवमा

खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन हुन सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

५०. **कर्मचारी प्रोत्साहन भत्ताः-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्तर मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले उल्लेखित कानून निर्माण नभइ यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.

१४७०४६४

गो.भौ. नं.	विवरण	कर्मचारी संख्या	खर्च रकम कर बाहेक
५००।२०७७।३।२५	स्थायी कर्मचारी तथा वडासचिबलाई १५ प्रतिशत प्रोत्साहन भत्ता	५४ जना	१४७०४६४

५१. **खरिद योजनाः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ उपनियम(१)मा सार्वजनिक निकायले बार्षिक दशलाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यबस्था छ ।त्यस्तै साहि नियमको उपनियम(५)मा सार्वजनिक निकायप्रमुखले चालु आ. व.को स्विकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि सो अनुरुप यो नियम बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गनुपर्ने ब्यबस्था छ । पालिकाको कार्यालय सञ्चालन सम्बन्धित बार्षिक बजेट रु ९५०००००।०० भएपनि बार्षिक खरिद योजना तयार नगरी पटक पटक टुक्रा खरिद गरी रु. ७९८७१०१।०० खर्च लेखेकोले नियमित गर्नु पर्ने रु

७९८७१०१

५२. **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एकलाख भन्दा बढिको मालसामान खरिदको लागि लागत अनुमान तयार गरी ऐनको दफ ५क बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष गरेका देहाय खरिदकोलागत अनुमान तयार गरी स्वीकृत गरेको नदेखिएकोले नियमित नदेखिएको

५१६००६

गोश्वरा भौचर नंवर	आपुर्तिकर्ताको नाम	मालसामानको बिवरण	खर्च रकम
४८४।२०७७।३।२२	राजश्री स्टेशनरी उद्योग	वर्दिबास डायरी	१४६९००
५६।२०७६।६।१६	अभिषेक पुस्तक तथा पत्रिका सेन्टर	मसलन्द	२४०७७९
५२।२०७६।६।१६	ए.पी. एस. कम्प्युटर		१२८३२७
जम्मा			५१६००६

५३. **वितरणमुखी खर्चः-** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियम संगत नदेखिएको सहायता रकम रु.

३८९८८८

गो.भौ.नं, मिति	नाम	प्रयोजन	रकम
६।२०७६।६।६	अन्तरपार्टी महिला सञ्जाल	तिज कार्यक्रम	१४९८८८।००
३९।२०७६।६।१४	बाल सञ्जालका जमुना शाह	बाल दिबस	६५०००।००
१०३।२०७६।७।३०	दिपक पार्टी प्यालेस	दशै तिहार शुभकामना आदान प्रदान	१७५०००।००
जम्मा			३८९८८८

५४. **ईन्धन खर्च** अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७३ को बुदा ७.१.६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । नगरपालिकाले कार्यालयमा रहेका सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाएको छैन । नगरपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलव्ध गराएको पनि र सवारी लकबुकको प्रभाबकारी कार्यान्वयन गरेको छैन । यस वर्षमा ईन्धन रु २१ लाख १७ हजार खर्च भएको छ । लकबुकको

प्रभावकारी कार्यान्वयन बेगर इन्धन खर्च समेत लेखेको देखिएकोले इन्धन आवश्यकताको यथर्थता नहुने हुँदा खर्च मा मितव्ययीता एवं नियन्त्रणातमक पद्धती अवलम्वन गरीएको नदेखिदा उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।

५५. **घरभाडाः-** सार्बजिनक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम ४ मा सार्वजनिक निकायले भाडामा लिने घर जग्गाको भाडा निर्धारण गर्न जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ५ सदस्यीय भाडा निर्धारण समिति रहने र सोहि नियमको उपनियम ७ र ८ बमोजिम समितिले घर जग्गाको भाडा निर्धारण गरेपछि सार्वजनिक निकायले घर जग्गा धनी सग सम्झौता गरी घर जग्गा भाडामा लिनुपर्ने ब्यबस्था छ ।नगरपालिकाले भाडा निर्धारण समितिको निर्णय बेगर नगरपालिकाको कार्यालय, वडा कार्यालय लगायत बिभिन्न प्रयोजनको लागि यस बर्ष रु ४४७११०० भाडा खर्च भुक्तानी भएको छ । भाडा निर्धारण समितिले घर जग्गाको भाडा निर्धारण गरेपछि मात्र घर भाडा भुक्तानी गरीनुपर्दछ ।

५६. **खाना तथा विविध खर्चः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.४१६२१६९।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

५७. **भैपरीबाट सिधै खर्चः-** एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या, २०७४ को स्थानिय तहको आर्थिक संकेत बर्गिकरण र ब्याख्यमा चालु बजेट एकमुष्ठ रुपमा प्रस्ताब गर्ने प्रयोजनमा लागि मात्र भैपरी खर्च शिर्षकको प्रस्ताब गरिएको र यो शिर्षकबाट खर्च लेख्न नमिल्ने स्पष्ठ ब्यबस्था भएकोमा नगरपालिकाले देहाय बमोजिम भैपरी शिर्षकबाट सिधै बजेट खर्च लेखिएकोले एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या २०७४ बिपरित खर्च भएकोले नियमित नभएको रु ४९४६६४।००

गो. भौ. नं.	आपुर्तक	बिबरण	रकम
१९३।२०७६।१०।७	अफरीन इन्टरप्राइजेज	म्याट्रिक्स खरिद	४९४६६४।००

नगरपालिका पूँजिगत

५८. **बिद्युतिय खरिद प्रणालीको प्रगोगः** बिदुतिय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ को बुदा ३५ मा सार्बजनिक निकायले आबश्यक ठानेमा जति सुकै रकमको खरिद कार्य बिद्युतिय खरिद प्रणालीको मात्र प्रयोग गरेर मात्र गर्न सक्ने, साठीलाख रुपैया भन्दा बढी रकमको निर्माण कार्य गर्दा बिद्युतिय खरिद प्रणालीको समेत प्रयोग गनुपर्ने तर बिस लाख रुपैया वा सो भन्दा बढिको परामर्श सेवा, दुइ करोड रुपैया भन्दा बढिको निर्माण कार्य तथा साठीलाख रुपैया भन्दा बढिको मालसामान खरिद गर्दा अनिबार्य रुपमा बिद्युतिय खरिद प्रणालीको प्रयोगबाट मात्र गनुपर्ने ब्यबस्था छ ।नगरपालिकाले बिदुतिय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ बमोजिम खरिद कार्य अघि बढाउनु पर्ने देखिन्छ ।

५९. **कार्य स्विकार प्रतिबेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(१)मा सार्बजनिक निकायले सम्पन्न भएको निर्माण कार्य,आपुर्ति गरीएको मालसामान वा प्रदान गरीएको सेवा स्वीकार्दा उपनियम (२) बमोजिम प्रतिबेदनमा खरिद सम्झौता संख्या,सम्पन्न भएको निर्माण कार्य,प्राप्त भएको मालसामान वा सेवाको बिबरण, निर्माण कार्य सम्पन्न भएको वा ,मालसामान वा सेवा प्राप्त भएको मिति , सम्पन्न निर्माण कार्य , प्राप्त मालसामान वा सेवा स्वीकृत भएको मिति समेत भएको प्रतिवेदन आवश्यक प्रकृया पुरा गरी भुक्तानीको लागि सम्वन्धित आर्थिक प्रशासन शाखामा लेखि पठाउनु पर्ने ब्यबस्था छ ।नगरपालिकाले देहाय निर्माण ब्यबसायिलाई निर्माण कार्यको भुक्तानी गर्दा कार्य स्विकार प्रतिबेदन बेगर भुक्तानी दिएको देखिएकोले कार्यस्विकार प्रतिबेदन पेश गर्नुपर्ने रु ७०११०४७

गो.भौ.नं. ।मिति	निर्माण ब्यबसायिको नाम	कार्य	इष्टिमेट/मुल्याङकन रकम	खर्चरकम
२७८।२०७७।३।२९	गणेश खुस्बु नर्माण सेवा	हेल्थ केयर सेन्टर	३१९७३२४	३१९७३२४
२८६।२०७७।३।२९	अमिरश निर्माण सेवा	आधारभुत स्वास्थ्य केन्द्र	३८१३७२३	३८१३७२३
जम्मा				७०११०४७

६०. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो.भौ नं मिति	उ.स.को नाम	कार्य	खर्च रकम
२७२।२०७७।३।२९	साबिक वडा ७ डिप बोरीङ	डिप बोरीङ	४४४५००
२७९।२०७७।३।९	बाँकेटोलको सामुदायिक भवन	सामुदायिक भवन निर्माण	११२९५६०

२८६।२०७७।३।२९	खानेपानी टंकी	खानेपानी टंकी निर्माण	१६६७०००
		जम्मा	३२४१०६०

६१. **कार्यसम्पादन जमानतः-** सार्बजनिक खरिद ऐन २०६४को दफा २७(३)मा बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गर्दा लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कावुल गरेमा कवुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढि घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कावुल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कवुल अंकमा पाँच प्रतिशत थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने ब्यबस्था छ । खरिद ऐनको उल्लेखित ब्यबस्था बमोजिम देहाय कार्यको लागत अनुमान भन्दा पन्ध्र प्रतिशत भन्दा घट अंक कावुल गरेपनी घटी कावुल गरेको रकमको पचास प्रतिशतले हुन आउने रकमसमेत कार्यसम्पादन जमानत लिएको नदेखिएको रु १४५०८६९

निर्माण ब्यवसाही	कार्य	घटि कबुल प्रतिशत	राखेको कार्यसम्पादन जमानत	राखुपर्ने कार्यसम्पादन जमानत	नपुग कार्यसम्पादन जमानत
जोशि सिद्दगढी जे.भि	सडक कालोपत्रे	६१.२२	६४१४७५०	६५२६९७३	११२३२३
तिरुपति बालाजी सप्लायर	बाटो ग्राभेल	५८.९७	३०५०००	१६४३५४६	१३३८५४६
जम्मा					१४५०८६९

६२. **परामर्श कार्यः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम (८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाच गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले तपशिलमा उल्लेखित परामर्शदातालाई रु १३९१५१७।०० भुक्तानी दिएकोमा कार्यालयले लेखापरीक्षणको समयमा उक्त कार्य गर्न अपनाईका कागज प्रमाण उपलब्ध गराएको छैन । साथै उक्त कार्य सम्पन्न भनी पुरै रकम भुक्तानी दिएको र रिपोटको सफ्ट कपी र हार्ड कपी नगरपालिकामा दाखिला भएको देखिएन । अत कार्यालयले उक्त प्रक्रिया गर्दाका प्रक्रियागत कागजात र रिपोटको सफ्ट कपी र हार्ड कपी दाखिाला भएको प्रमाण पेश गर्नु पर्ने रु १३९१५१७।००

सि न	पार्टीको नाम	गो. भौ.न र मिति	रकम
२	कान्जिरोवा एग्रो कन्सल्टन्ट	४०।२०७६।९।११	५०००००।००
३	ग्रीन कन्सल्टेन्ट	५१।२०७६।१०।६	४९५०००।००
४	सन बजार प्रा. लि.	१५७।२०७६।१०।२५	३९६५१७।००
	जम्मा		१३९१५१७।००

६३. **परामर्शमा ओभरहेड भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ सग अनुसुची १ क मा परामर्श सेवाको लागत अनमानमा ओभरहेड खर्च समाबेश गर्न नपाईने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले निम्न परामर्श दातालाई लागत अनुमानमा ओभरहेड समाबेश गरी भुक्तानी गरेको देखिएकोले यसरी नियममा भएको ब्यवस्था भन्दा बढी लागत अनुमान गरी भुक्तानी गरेको असुल गर्नु पर्ने देखिएको रु १०३६८०।२७

सि न	गो. भौ.न र मिति	परामर्शदाताको नाम	भुक्तानी रकम
१	१२५।२०७७।३।३	सर्वोत्तम एन्जनियरिङ्ग सोल्सन प्रा. लि.	५७५१९।३९
२	१५७।२०७७।३।१६	सन बजार प्रा. लि.	४६१६०।८५
		जम्मा	१०३६८०।२७

६४. **परामर्शदाता छनौटः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ को (३) मा सावर्जनिक निकायले लागत अनुमान तयार गर्दा मुख्य जनशक्ती एवं अन्य जनशक्तीको पारिश्रमीक भम्रण खर्च बसोवास खर्च कार्यालय खर्च आवश्यक समान खर्च कागजात छपाई अन्य सेवा गरी लागत अनुमान अनुसुची १ क को ढाचामा तयार गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले सरकारी जग्गाको लागत संकलन गर्ने कार्यको लागि रु ५००००००।००बिनियोजन भएकोमा उक्त कार्य नियमावलीमा उल्लेख भए बमोजिम लागत अनुमान तयार नगरी सोझै बजेटको आधारमा सुचना प्रकाशन गरी क्रियटिभ मल्टी सेक्टर रिसर्च टेनिङ्ग एण्ड कन्सल्टेन्सी संग रु ४९३८१०० को सम्झौता गरी प्रथम किस्ता वापत ३० प्रतिशत रकम रु १४८१४३० भुक्तानी गरेको देखिन्छ ।यसरी नियमावलीको प्रक्रिया बिपरीत गरेको सम्झौलालाई नियम संगत हो भन्न सकिने आधार देखिएन साथै उक्त रकम भुक्तानी अवधिमा निजको सम्झौता म्याद समेत समाप्त भई सकेको देखिन्छ । साथै परामर्श दाताले भुक्तानी लिएको रकम बराबरको कार्य प्रगती प्रतिबेदन समेत पेश गरेको देखिएन । अत कार्यालयले उक्त कार्यको वास्तबिक खर्च एकिन गरी भुक्तानी दिनुको साथै के कति वास्तबिक कार्य भएको छ अनुगमन गरी प्रगती प्रतिबेदन लिनु पर्ने देखिएको रु १४८१४३०

६५.	**मेयर कृषि कार्यक्रम** सहजिकरण व्यवस्थापन तथा सहयोग कार्यको लागि कान्जिरोवा एग्रो कन्सल्टेन्ट प्रा लि बिच आर्थिक बर्ष २०७५।७६ देखि २०७७।७८ सम्मको लागि मिति२०७६।१।६ मा ८४५३६४३ को सम्झौता भएकोमा उक्त परामर्श दाताले हाल सम्म के कति कार्य सम्पन्न गरको छ भनी खुल्ने प्रमाण देखिएन साथै गत आर्थिक बर्षमा के कति भुक्तानी गरेको हो सो को अभिलेख नदेखिएले उक्त परामर्दाताको कार्यको अभिलेख व्यवस्थित गरी राख्नु पर्दछ र नगरपालिका कार्यालयले यस बर्ष उक्त कार्यको लागि निजलाई रु १७६०००० भुक्तानी गरेको देखिन्छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ अनुसुची १ क मा परामर्दातालाई ओभरहेडको रकम भुक्तानी नदिने व्यवस्था गरेकोमा लागत अनुमानमा १० प्रतिशत राखेको देखिएकोले यस बर्षको भुक्तानीमा समेत उक्त रकम भुक्तानी भएको देखिएकोले रु १७६००००।०० को १० प्रतिशतले हुन आउने रु १६००००।०० असुल गर्नुपर्ने	१६००००।००
६६.	**उपभोक्ताको कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७९१४ ०मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, कालो पत्रे ढल कल्भर्ट खानेपानी संरचना खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रु ८५०९०७८७।२७ मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।	
६७.	**नापी कितावः** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरू नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरू एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परीक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरू हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस नगरपालिका कार्यालयद्वारा गत आ.वा.मा संचालित योजनाहरूको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधार भुक्तानी दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा गत आ.वा. का नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरूको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ।	
६८.	**जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।नगरपालिकाले उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा न्युनतम् १० प्रतिशत लागत जनसहभागिता हुनुपर्ने निर्णय गरेको छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.	२१२६७९८

सि न	योजनाको नाम	गो. भौ.न र मिति	भुक्तानी भएको रकम	भुक्तानी हुनु पर्ने रकम	असुल हुनुपर्ने
१	जनता माबि वडा न ३ ४ कोटे भवन निर्माण उपभोक्ता समिति	६।२०७७।६।१४	२९०१५२६	२६११३७	२९०१५२
२	जनहित नन्दलाल माबि चौलेखा	२३।२०७६।७।२१	३३६३८५४	३०२७४६८	३३६३८५
३	श्री ने रा आबि ढुङ्ग्रे अधुरो कम्पाउण्ड निमार्ण उपभोक्ता समिति	५९।२०७६।११।०४	५१९४९८	४६८२२८	५१२७०
४	नगर आवास गृह निमार्ण उपभोक्ता समिति	६६।२०७६।११।२	३७८६३४७	३४०७७१२	३७८६३४
५	मवडल एगंरभिलेज जग्गा बयवस्थापन तथा बृक्षारोपण उ स	८७।२०७६।१२।९	४८९२२६२	४४०३०३४	४८९२२६
६	जनज्योती कृषणपुर भवन तथा घेरावार नि उ स	८९।२७७।१।१७	११५८३३४	१०८००००	७८३३४

७	शिवराज देवकोटाको घरदेखी दक्षिण सडक नि उ स	१०९।२०७७।२।२५	४२०७४२	३८२४९२	४२०७४
८	दुधेश्वरी प्राबि राजावास घेरावार उपभोत्त समिति	११७।२०७७।२।२७	५२९९७२	४७६९७५	५२९७५
९	जनज्योती आबि मनहरीपुर	१७६।२०७७।३।१९	४९६४०७	४४६७६६	४९६४०
१०	ने रा ना माबि चल्सी रंग रोगन उपभोक्ता समिति	२२७।२०७७।३।२५	१००००००	९०००००	१०००००
११	जुकोमाई आबि पर्खाल निमाण उपभोक्ता समिति	२५०२०७७।३।२९	४९४३२६	४५००००	४४३२६
१२	बर्दिवास ब्याडमिन्टन कवर्डहल निर्माण उपभोक्ता समिति	२६१।२०७७।३।२९	१३७९५३८	१२४१५८४	१३७९५३
१३	ने रा माबि प्रेमगर उपभक्ता समिति	४१।२०७६।९।२५	३५५५८१	३२००२२	३५५५८
१४	वडान १३ को भेडिहरटोलमाखानेपानी वोरिङ्ग निमार्ण उपभोक्ता समिति	४९।२०७६।१०।६	४०२७१०	३६२४३९	४०२७१
जम्मा					२१२६७९८

६९. **उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१३ क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्मा त्यस्तो कनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाई कालो सुचीमा राखन सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ । यस नगरपालिकामा संचालित उपभोक्ता समितिले पाप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छन। अत यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।नगरपालिका कार्यालयले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

सि न	योजनाको नाम	निर्माण ब्यावसायी	रकम
१	पूर्वपश्चिम राजमार्ग दखि साझा जानेबाटो निमार्ण उपभोक्ता समिति	पबित्र कन्स्टकशन	७२६४७१
२	गढवा ढङ्गेफारलाईन उपभोक्ता समिति	पबित्र कन्स्टकशन	३८७६३०
			१११४१०१

७०. **मु.अ.कर दाखिलाः** आर्थिक बर्ष २०७६।७७ को बजेट भाषण र अर्थ मन्त्रालयको परिपत्र अनुसार मु.अ.कर को ५० प्रतिशतले हुन आउने रकम अग्रमि कर कटटी गरी राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था गरेको छ । यस नगरपालिका कार्यालयले निम्न पार्टीहरूलाई मु. अ. कर भुक्तानी दिदा अग्रीम रुपमा कट्टी गरी दाखिला गर्नु पर्ने रु ६७८०२८।२८ दाखिला गरेको देखिएन । अत उक्त रकम राजस्व खातामा दाखिला गरी मु. अ.कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने देखिन्छ ६७८०२८।२८

सि न	पार्टीको नाम	गो. भौ.न र मिति	मु अ कर भुक्तानी	कटटी हुनु पर्ने
१	ज्ञानज्योती जेभी काठमाण्डो	५६।२०७६१०।२३	४५२६१८।७८	२२६३०९।३९
		४४।२०७६।८।१९	५८८९३२।९३	२९४४६६।३९
		८१।२०७६।१२।४	३१४५०५	१५७२५२।५
	जम्मा			६७८०२८।२८

७१. **मुल्याकंन भन्दा बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम (८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाचँ गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले शिवराज देवकोटाको घरदेखी दक्षिण सडक निमार्ण उपभोक्ता समितिलाई अन्तिम बिलको भुक्तानी दिदा कार्य सम्पन्न प्रतिबेदनमा उल्लेख भए भन्दा बढी भुक्तानी हुन गएको रु २५०७३।०० उपभोक्ता समितिबाट असुल गरी नगरपालिका संचित कोष दाखिला गर्नु पर्ने रु २५०७३

सि न	योजनाको नाम	गो. भौ.न र मिति	मुल्याकंन भएको	भुक्तानी रकम	फरक रकम
१	शिवराज देवकोटाको घरदेखी दक्षिण सडक नि उ स	१०९।२०७७।२।२५	४२०७४२	४४५८१६	२५०७३

७२. **पूँजिगत अनुदानबाट शिक्षक अनुदानः** बिद्यालयल ब्यवस्थापन लगाएतका सम्पुर्ण क्रियाकलापहरू शेक्षिक गुणस्तर सुधार गर्न नेपाल सरकारले सर्शत अनुदानबाट बिद्यार्थि संख्याको आधारमा रकम निकासा दिने ब्यवस्था गरी सर्शत शिर्षकबाट खर्च लेखेको अवस्थामा यस नगरपालिकाका कार्यालयले नगरपालिकापूँजिगत शिर्षकबाट शिक्षक अनुदान भनी निम्न बिद्यालयहरूलाई रु १२५००००।०० निकासा अनुदान दिएकोमा बिद्यालयले उक्त रकम के कुन कार्यमा खर्च गरे ,बिद्यालयको शेक्षिक क्षेत्रमा के कस्तो असर परेको छ । सो बारे अनुगमन समेत गरेको देखिएन । साथै बिद्यालयलाई नगरपालिकाले रकम बिनियोजन गर्दा निश्चित योजना तोकी बिनियोजन गर्नु पर्नेमा सो गरेको देखिएन । अत नगरपालिकाले अनुदान रकम बिनियोजन गर्दा योजनाको माग गरी बिवरण लिई सोही अनुसार बिनियोजन गरी निकासा दिनु पर्नेमा सो गरेको देखिएन । अत यसरी योजना नतोकी शैक्षिक अनुदान भनी निजि शिक्षकको तलबको लागि निकासा दिएको रकम नियम संगत हो भन्न सक्ने आधार नदेखिएको रु १२५००००।००

सि न	बिद्यालयको नाम	गो. भौ.न र मिति	रकम

	१	सरस्वती आबि खयरमारा	१८४।२०७७।३१	५०००००
	२	राष्टीय जनता अबि	१९०।३।२२०७७	२०००००
	३	राष्टिय माध्यामिक बिद्यालय	१५५।२०७७।३।१४	५५००००
		जम्मा		१२५००००

७३.	**प्रमाण बेगरको भुक्तानीः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३८ (८)मा कुनै रकमको भुक्तानी रित पुगे नपुगेको जाच गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले बर्दिवास ब्याडमिन्टन संघलाई गो भौ.न .१४५।२०७७।३।११ बाट रु ४५००००।०० भुक्तानी लिएकोमा निजले उक्त रकम के कार्यमा खर्च गरेको वा खर्चलाई प्रमाणित गर्ने कागजात पेश गरेको देखिएन । अत बर्दिवास ब्याडमिन्टन संघलले गरेको खर्च पुष्टी गर्ने प्रमाण पेश गर्नु पर्ने रु	४५००००।००
७४.	**योजना बाहिरको खर्चः-** नगरपालिका कार्यालयले गो भौ न १९४ मिति २०७७।३।२२ बाट श्री डिप टयुवबेल जल प्रबन्ध समिती बर्दीवास ७ मनहरीपुरलाई जनसहभागीता वापतको रबकम भनी रु ३३९८४३।०० भुक्तानी गरेको देखिन्छ । नगरपालिका कार्यालयले आफुले गरेको कार्यमा समेत जनताको जनसहभागीको १० प्रतिशत अंशदान लिने ब्यवस्था गरेकोमा अन्य निकायबाट संचालित योजनामा जनसहभागीताको अंश भनी भुक्तानी दिएको नियमसंगत भन्न सक्ने अधार देखिएन । साथै उपभोक्ताद्वारा संचालन गरिने कार्यमा उपभोक्ताको अशदान नगराई अन्य निकाय संग जनसहभागीताको अंशदान माग गर्ने कार्य समेत नियम संगत देखिएन । अत नगरपालिका कार्यालयले यसरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुको साथै भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु	३३९८४३।००
७५.	**मेयर एकिकृत कृषि कार्यक्रमः** कार्यक्रमको लागि आर्थिक बर्ष २०७५।७६ देखि २०७७।७८ सम्म संचालन हुने गरी बृहत कार्क्रयम संचालन गर्न रु ५० करोडको बजेट अनुमान गरी संञ्चालनमा ल्याएको यस आयोजनाले के कति क्षेत्र समेटर काम गर्ने र यसको वास्तविक खर्च कति हुने एकिन तथ्यगत अनुमान गरेको देखिएन । यसरी बहुबर्षिय रुमा संचालन गरेको योजनाले के कति प्रतिफल दिने जनतामा के कस्ता सुधार ल्याउने जस्ता गतिबिधीको आकलन गरेको देखिएन । साथै यस आयोजनाको लागि अनुमान गरिएको बजेटबाट हालसम्म के कति खर्च भयो र कति प्रगती भयो योजनाले लिएको लक्ष्य पुरा गर्न कति बाँकी रहयो यसमा के कति कमी कमजोरी रहे र के कस्तो सुधार गर्नु पर्ने हो जस्ता कार्यको एकिकृत मुल्याकंन गरेको देखिएन । यसरी संचालित कार्यक्रममा भएको खर्चको अभिलेख एकिन गरि बार्षिक रुपमा राख्नु पर्नेमा सो को अभिलेख राखेको देखिएन ।नगरपालिका कार्यालयले यस बर्ष यस कार्यका लागि रु १७ करोड ३० लाख बिनियोजन गरेकोमा जनताको खेतमा इनार निर्माण परामर्दाताको खर्च मोडल एग्रोभिलेज भित्र प्लान्टेशन बृक्षारोपण र बिभिन्न अन्य कार्यक्रम संचालन गरी रु २ करोड ५२ लाख ५८ हजार खर्च गरेको देखिन्छ ।आयोजनाले बिनियोजन प्रस्ताव गरे अनुसार खर्च नभइ न्युन खर्च भएको देखिन्छ । यसरी एकातिर खर्च न्युन देखिनु र अर्कतिर कार्यालयले गत बिगतमा के कति खर्च भएको हो एकिन अभिलेख राखेको नदेखिनुले आयोजना प्रभावकारी रुपमा संचालन भएको छ भन्न सकिने आधार देखिएन ।अत नगरपालिका कार्यालयले यस आयोजनाले लिएको लक्ष्य अनुसार के कति खर्च भएको हो सोको बित्तीय तथा भौतिक प्रगती तयार गरी अभिलेखगत गर्नु पर्दछ ।	
७६.	**जिन्सी दाखिलाः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम जिन्सी मालसामानको दाखिला जिन्सी खातामा गरेर मात्र त्यस्ता सामानको खर्च लेख्नुपर्ने ब्यवस्था छ ।नगरपालिका कार्यालयले निम्न बिद्यालयको लागि डेस्क बेन्च खरिद वापत उपभोक्ता समितिलाई रु ३५०००० भुक्तानी दिएको समानको निर्माण कार्य सम्पन्न गरेको कार्य सम्पन्न प्रतिबेदन पेश गरेको देखिए पनि बिद्यालयले जिन्सी खातामा आम्दानी बाधेको दाखिला प्रतिबेदन पेश गरेको देखिएन। अत उपभोक्ता समितिले तयार गरेको फर्निचर्स बिद्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु	१०००००

सि न	बिद्यालयको नाम	गो. भौ.न र मिति	फनिचर थान	खर्च रकम
१	पंचधुरा माबि चेरु	१५६।२०७७।३।१५	३० जोडा	१०००००
	जम्मा			१०००००

७७.	स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन २०७७ मा कानूनद्वारा स्थापित बोड समिति संरचनालाई मात्र सेवा सुबिधा दिन मिल्ने गरी उल्लेख गरेकोमा यस नगरपालिका कार्यालयले कृषि बिकास बोर्डका कार्यकारी उपाध्यक्षको तलब भत्ता भनी कानूनमा उल्लेख नभएको पदाधिकारी मदन कुमार अर्याल लाई भौचर न ८६ बाट रु ६९३०० ।भौचर न २४ बाट रु २७००० गरी जम्मा रु ९६३०० भुक्तानी दिएको रकम नियम संगत नदेखिएको रु	९६३००
७८.	**अनुउत्पादक खर्चः** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न मठ मठमन्दिर गुम्बा, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक योजना उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ यस नगरपालिकाले उत्पादन बृद्धि नगर्ने खालका कार्यमा खर्च गरेका केही उदाहरण निम्न रहेका छन । अत नगरपालिकाले यस्ता कायर्मा नियन्त्रण गर्नु पर्दछ ।	

सि न	योजनाको नाम	गो. भौ.न र मिति	रकम
१	शिव मन्दर फुलवारी निर्माण	१२२।२०७७।२।३२	१०००००
२	शिव मन्दिर घेरावार	१३८।२०७७।३।८	५५५५७०
३	खयरमारा टि २० नक आउट	१३२।२०७७।३।४	१०००००
४	गढता डाडा गम्बा निमार्ण	१३५।२०७७।३।५	३८९६५०
५	बुद्र शिव मंन्दिर मर्मत रंगरोगन	२४१।२०७७।३।२९	६६३११८
६	मेयर भलिवल कप संचालान	६०।२०७६।११।११	३५७२३५

७९.	**अन्य कार्यालयको खर्चः** आर्थिक कार्यविधि नियमावली,क २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम नगरपालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । नगरपालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले २ नम्बर बाहिनी मुख्यालय महोत्तरीको हातिभत्र रहेको फुटवल खेलाडीको शौचालय निमार्ण गरी रु ३३२२२०।०० भुक्तानी गरेको नियमसम्मत देखिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।	
८०.	**पुरानो भुक्तानीः** नगरपालिका कार्यालयले आर्थिक बर्ष २०७५।७६ को योजना भनी परिषदबाट अनुमोदन गराई यस बर्ष १६ वटा योजनाको रु २५८५११७३।०० भुक्तानी गरेको देखिन्छ । योजनाहरूको कार्यआदेश बमोजिम भुक्तानी दिएको देखिएता पनि उक्त योजनाको गत बर्ष के कति भुक्तानी भएको थियो र कति भुक्तानी दिन बाँकी थियो सो बारे अभिलेख राखेको देखिएन साथै उपभोक्ता समितिले गर्ने कार्यलाई समेत गत आर्थिक बर्षमा नै सम्झौता गरी यस बर्षमा भुक्तानी दिने गरेको देखिन्छ ।अत कार्यालयले लाभग्राही समुदायबाट गरिने कार्यमा जुन बर्ष कार्य गरिने हो सोही बर्ष मात्र सम्झौता गरी कार्य सम्पन्न गराई भुक्तानी दिने ब्यवस्था गर्नु पर्दछ ।	
८१.	**लागत अनुमानः-** सार्वजनिक खरिद नियमावली, २०६४ मा बजार दर भाउलिई औसत दरमा बिश्लेषण गरी दर बिश्लेष्ण गर्नु पर्ने ब्वस्था छ ।यस कार्यालयले बर्दिवास ब्याडमिन्टन कभर्डहल निर्माणको लागि रडको दर बिश्लेषण गर्दा सो नगरी सोझै बजारमा सोधेको आधारमा रडको मुल्य प्रति के जि रु १५६ राखी ८०७८।८ दर बिश्लेषण गरी प्रति के जी रु. १७०।७४ दर बिश्लेषण गरी रु १३७९५३८।२२ को लागत अनुमान तयार गरेको देखिन्छ गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था बिपरित सोझै बजारभाउका आधारमा राखेको दरलाई वास्तविक लागत अनुमान तयार गरेको हो भन्न सकिएन । साथै उक्त कार्यको लागि भुक्तानी भएको रकम वास्तबिक हो भन्न सकिएन ।	
८२.	**नर्म्स प्रयोगः** नगरपलिकाद्वारा वडा न ६ मा जमिन ब्यवस्थापन तथा बृक्षारोपण कार्य संचालन गर्दा लागत अनुमानमा ड्रागनका बिरुवा रोप्ने खाल्डो खन्ने कार्यको लागि ५०२ वटा बिरुवाको लागि १६९४।२५ घन मी खन्ने कार्य देखाएकोमा बिरुवा रोपी माटो झिलिङ्ग कार्यमा समेत १६९४।२५नै पुर्ने काममा प्रयोग भएको भनी भुक्तानी गरेको देखिन्छ ।यसरी माटो खन्ने कार्यमा नर्म्श अनुसार जर्ती जाने माटोको भाग र बिरुवा रोप्दा मल र बिरुवाले लिने अंश कटाई भुक्तानी गरेको दखिएन । कार्यालयले यसरी फिलिङ्ग गर्ने कार्यमा रु ३११९२९।४० भुक्तानी गरेको वास्तविक एकिन गर्नु पर्दछ ।	३११९२९।४
	स्वास्थ्य	
८३.	**न्यानो झोला वितरणः** नगरपालिकाभित्र अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी भएका आमा तथा नवजात शिशुलाई न्यानो झोला वितरण गर्ने कार्यक्रम रहेकोमा यो वर्ष नगरपालिकाले हेल्पिङ्ग मल्टिप्रपोज प्रा.लि.बाट २०७६।८।१३ मा ५५५ वटा न्यानो झोला रु.८९९।९९ का दरले रु.४९९४९९।८८ र २०७७।३।२८ मा २७७ वटा न्यानो झोला रु ४९९।४८ दरले गरी जम्मा रु ७४८६५४।८८ खरिद गरेकोमा स्वास्थ्य सेवा विभाग परिवार महाशाखाबाट निर्देशन गरे वमोजिमको स्पेशिफिकेशन अुनसार झोला भए नभएको प्रमाणित गरेको नदेखिदा झोला गुणस्तरीय छ भन्न सक्ने अवस्था देखिएन । साथै न्यानो झोला खरिद बर्थिङ्ग सेन्टरमा हुने अनुमानित सुत्केरी संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन । निर्देशिकाले तोके अनुसारको अनुमानित सुत्केरी संख्या र गुणस्तरको झोला यकिन गरी खरिद गर्नुका साथै लाभग्राहीलाई समयमै वितरण गर्नुपर्दछ । वितरण भरपाई साथ पाउनेको सम्पर्क सहितको अभिलेख राखनु पर्दछ।	

८४.	**औषधि खरिद एवं भण्डारण प्राथमिक स्वास्थ्य सेवाः-** पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीहरूको म्याद कम्तीमा १८ महिना हुनुपर्ने उल्लेख गर्नुपर्दछ । यस वर्ष नगरपालिकाले रु २९६२०४१।०० को औषधी खरिद गरेकोमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन । १,स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला गर्नुपर्नेमा सो गरेको पाइएन । २, आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य सामानको Manufacture Date , Expiry Date, Batch no, Manufacture Companyको नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन । ३, आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा औषधीहरूको expiry date बिलमा वा लिष्टमा उल्लेख भएको पाइएन । कार्यालयले खरिद भएका औषधीको म्याद चेक जाँच गरी निर्देशिका बमोजिम भण्डारण एवं दाखिला गर्नुपर्दछ ।	
८५.	**सट्टा बिदाको रकमः-** नेपाल स्वास्थ्य सेवा नियमावली,२०५५को नियम ५६(२) मा पालो मिलाई अतिरिक्त सेवा बिदा लिन नपाए जति अवधिको तलब बरावर भुक्तानी दिइने ब्यवस्था छ , भने अतिरिक्त बिदाको अभिलेख सम्वन्धित कार्यालय प्रमुखले अद्यावधिक गरी राख्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालय अन्तरगत बर्दिवास अस्पतालमा कार्यरत प्राय सबै कर्मचारीको अतिरिक्त समय सावर्जनिक बिदाको दिन काम गरेको र सटटा बिदा कसै कर्मचारीले नलिएको भनि पठाएको प्रमाणका आधारमा रु, २१३९९८०।२५ खर्च गरेको देखिन्छ । यसरी सार्वजनिक बिदाको समय र चाडपर्वमा समेत अतिरित्त समय सबैले काम गरेको भनी अस्पतालले पठाएको बिवरण बास्तबिक हो भन्न सकिने अधार देखिएन ।अत कार्यालयले अतिरिक्त काम गरेका कर्मचारीहरूको हाजिरीसमेतको अभिलेख एकिन गरी वास्तबिक रुपमा बिदा लिन नसकेका कमचारीलाई मात्र रकम भुक्तानी दिन तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
८६.	**बढी भुक्तानी :** डेगु रोग नियन्त्रण कार्यक्रम संचालन गर्दा प्रदेश खर्चको मापदण्ड तथा कार्यबिधि २०७५ को क्रम संख्या २.७ मा आतेजाते यातायात खर्चवापत प्रतिदिन रु. १०० दिने भनी उल्लेख भएकोमा यस कार्यालयमा बर्दिवास नगरस्तरिय जनचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रममा ५४ जनालाई रु. ५४००।०० भुक्तानी हुनु पर्नेमा रु. ५०० का दरले २७०००।०० भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी हुन गएको रु २१६००।०० असुल गरी संघिय संचित कोषमा दाखिला हुनु पर्ने रु	२१६००।००
	शिक्षातर्फ	
८७.	**विद्यालयगत निकासा खाता :-** कार्यालयले प्रत्येक विद्यालयको स्थायी दरबन्दी मिलान शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस नगरपालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रावि. नि.मा.वि. मा.बि. मा राहात समेत गरी ५२ वटा बिद्यालयमा जम्मा ३४९ जना दरवन्दी मौज्दात देखिएता पनि नगरपालिकाले विद्यालयको अवस्था ,विद्यार्थीको, अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर नगरपालिकाले गरेको शिक्षकहरूको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षक तलबको लागि निकासा दिएको रु १५४२२२३५७।०० वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन । स्थायी. अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरूको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरू देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरूको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सवै रकमहरू देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।	
८८.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरूको अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ । विद्यालयहरूको प्राप्त तथ्यांक अनुसार यस नगरपालिका क्षेत्रभित्र ५२ विद्यालय, ३५९ शिक्षक र १३८८९ विद्यार्थीहरू रहेको देखियो । समग्रमा हेर्दा १ शिक्षक वरावर बढीमा ३९.७९ र ० दरबन्दीमा ७ जना विद्यार्थीहरू रहेको देखिन्छ । शिक्षा नियमावलीमा भएको प्रावधान बमोजिम शिक्षक बिद्यार्थी अनुपातको अन्तर धैरै फरक देखिएकोले पनि इकाईगत रुपमा शिक्षक विद्यार्थी अनुपातमा अन्तर रहेको देखिन्छ । नगरपालिका कार्यालयले आफनो क्षेत्रभित्रका बिद्यालयहरूको अनुगमन गरी बिधार्थी अनुसार शिक्षक दरबन्दी मिलान गरेको देखिएन । अत बिधार्थी शिक्षक अनुपात अन्तर देखिएका केही उदाहरणहरू देहाय अनुसार रहेको छ	

सि.न	बिदधालयको नाम	शिक्षक संख्या	बिधार्थी संख्या	अनुपात
१	जनता माबि बर्दिवास	२४	१०९६	४५.६६

२	जनता माबि डाडाटोल	१६	९००	५६.२२
३	राष्टिय आबि किसानपुर	४	५६	१४
४	जनज्योतआबि मनहरीपुर	३	२२१	७३.७
५	जनआस्ता आबिभक्तिपुर	२	३५	१७.५

८९. कार्यक्रम कार्यान्यिन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.७.१३.८ मा उल्लेख गरे बमोजिम बुक कर्नर व्यवस्थापन गर्न कक्षा १–१२ गरी जम्मा रु २६२५०५०।०० अनुदान निकासा दिएकोमा सो कार्य गरे नगरेको बारे कार्यालयले अनुगमन गरेको देखिएन । अतः कार्यालयले अनुगगमन गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

९०. **छात्रवृत्ती :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम (३) अनुसार बजेट रकम भित्रको कुनै रकम खर्च गर्दा विल भरपाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले गैर आवासिय छात्रवृति रु २५५९१००।०० ५२ वटा विद्यालयको खातामा जम्मा गरि दिएकोमा उक्त छात्रवृत्ती रकम ३२ वटा बिद्यालयले विधार्थीहरूलाई रु १३३४०००।०० वितरण गरेको भरपाई पेश गरेको देखिन्छ र बाँकी २० वटा बिद्यालयले बितरण गरेको भरपाई पेश गरेको देखिएन साथै उक्त छात्रवृतिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभाव अनुगमनको मूल्याङ्कन प्रतिवेदन लिने नगरेबाट छात्रावृत्ती वितरण एवं प्रभावकारीता सम्बन्धमा विश्वस्त हुन सकिएन । अत बिद्यालयले छात्रबृद्धि बुझाएको भरपाई पेश गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु — १२२५१००

९१. **दिवा खाजा :** कार्यालयको वार्षिक कार्यक्रम अनुसार तोकिएको लक्षित समूहको वाल वालिकाहरूका लागि प्रतिदिन रु. १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था छ । यस नगरपालिकाले वार्षिक रु. १४९३८९२४।०० दिवा खाजा उपलब्ध गराएको देखियो । कार्यालयमा रहेको बिद्यालयहरूको अभिलेख भिडान गर्दा आर्थिक बर्ष २०७६।७७ मा निम्न बिद्यालयको खातामा दिवा खाजा वापत बाँकी रहेको रु ४१८०।००सम्बन्धित बिद्यालयबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने देखिएको रु — ४१८०।००

सि.न.	बिद्यालयको नाम	कार्यक्रमको नाम	रकम
१	जनता मा बि बर्दिवास	दिवा खाजा	४०८०।००
४	जनआस्था आ बि भक्तीपुर	दिवा खाजा	१००।००
	जम्मा		४१८०।००

९२. **सामुदायीक विद्यालयको गुणस्तरः** ससामुदायीक बिद्यालयहरूको शैक्षिक गुणस्तर स्थितीको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यानयन गरी बिद्यालयमा शैक्षिक गुस्तर सुधार गर्ने व्यवस्था छ । यस नगरपालिकाले आ.वा. २०७६।७७ बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन ।अत नगरपालिका कार्यालयले आफनो अन्तरगतका बिद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ,।

९३. **निजी विद्यालयको शुल्क निर्धारणः** निजी बिद्यालयहरूको शुल्क निधारण स्थितीको अनुगमन प्रतिबेदन तयार गरी शुल्कको बारे एकिन गरी बिद्यालयको शुल्कमा सुधार गरी शैक्षिक सुधार गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिकाले आ.व. २०७६।७७ बिद्यालयको शुल्क निधारण बारे अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन ।अत नगरपालिका कार्यालयले आफनो अन्तरगतका बिद्यालयहरूको शुल्क निधारण बारेअमुगमन गर्नतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

९४. **नमुना बिद्यालय निमार्ण :** राष्ट्रिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम तथा विभागद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ बमोजिम कार्यालयले कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । त्यसरी नै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्तसम्ममा काम सम्पन्न नभई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटीमा राख्न नहुने उल्लेख छ । कार्यालयले यस बर्ष जनता मा.बि बर्दिवासको कार्यक्रम संचालनका लागि रु. १५००००००।०० निकासा गरेको र तत्कालै कार्यक्रम संचालन नगरी बैक रोक्का राखेको र हालसम्म पनि रोक्का अवस्थामा नै रहेको देखियो । यसरी वार्षिक कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न नगरी विल भरपाई कार्य सम्पन्न प्रतिवेदन वेगर बजेट कार्यक्रम खर्च लेख्रेको रकमको कार्य सम्पन्न गरी प्रमाण पेश गर्नु पर्ने रु । — १५००००००

९५. **अनुदान ब्यवस्थापनः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिद्यालयले निधारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने ब्यवस्था छ । यस नगरपालिकाले यस आ.व.मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए ,नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अत बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भन्ने विश्वस्त हुने आधार देखिएन । नगरपालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी कार्यक्रम कार्यान्वयन गराउन तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

सि.न.	बिद्यालयको नाम	कार्यक्रमको नाम	रकम
१	मा.बि. चल चल्की	आइ.सि.टी	६५००००।००
२	टुटेश्वर मा.बि.	आइ.सि.टी	६५००००।००

३	मा.बि.बनरझुला	आइ.सि.टी	६५००००।००
४	जजा मा.बि पाटु	बिज्ञान प्रयोगशाला	६५००००।००

९६. **बिद्यालय भवन निर्माणः** नगरपालिकाले यस बर्ष बिद्यालय निर्माण कार्यक्रम अन्तर्गत बिद्यालयहरुलाई अनुदान खर्च परीक्षण गर्दा देहाय देखिएको छ ।

क)**कार्यक्रम** कार्यान्वयन पुस्तिका २०७६।७७ की २.७.११.१ को ८.२ मा भवन निमाणको डईङ्ग डजाईन स्वीकृत गर्ने कानून बमोजिम अधिकार प्राप्त वा तोकिएको निकायको स्वीकृती अनवार्य लिनु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्न बिद्यालयको २ कोठे ट्रसवाला भवनको डईङ्ग परिवर्तन गरी भवन निमाण कार्य गरेकोमा सम्बनधित निकायबाट स्वीकृती लिएको देखिएन । यसरी कार्यालयले स्वीकृत डिजाईन परिवर्तन गर्दा सम्बन्धित निकायको स्वीकृती बेगर गरेको कार्यलाई नियमसँगत हो भन्न सकिने अधार देखिएन ।

सि.न.	बिद्यालयको नाम	कार्यक्रमको नाम	रकम
१	रा मा.बि. प्रेमनगर	दुई कोठे भवन	१६०००००।००
२	टुटेश्वर मा.बि.	दुई कोठे भवन	१६०००००।००
३	मा.बि.बनरझुला	दुई कोठे भवन	१६०००००।००
४	जनज्यौती मा.बि	दुई कोठे भवन	१६०००००।००
५	मा.बि. छोडके	दुई कोठे भवन	१६०००००।००
६	राआबि बर्दिवास	दुई कोठे भवन	१६०००००।००
७	आ.बि. बेखाडी	दुई कोठे भवन	१६०००००।००
	जम्मा		११२०००००।००

ख) जनज्योति बिद्यालयलाई भवन निर्माण बापत रु १६००००० अनुदान निकासा दिएकोमा बिद्यालयले रु १५६९७२४ को मात्र कार्य सम्पन्न प्रतिबेदन पेश गरेकोले निकासा भन्दा घटि खर्च भएको रु ३०२७५ फिर्ता गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु ३०२७५

ग)देहाय बिद्यालय भवन निर्माण बापत अनुदान निकासा दिएकोमा भवन निर्माण गरेको नापी किताब, कार्यसम्पन्न प्रतिबेदन पेश नभएकोले पेश हुनुपर्ने रु ३२०००००

बिद्यालयको नाम	कार्यक्रमको नाम	रकम
राआबि बर्दिवास	दुई कोठे भवन	१६०००००।००
आ.बि. बेखाडी	दुई कोठे भवन	१६०००००।००
	जम्मा	३२०००००

९७. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ की २.७.११.१ मा पुर्व प्राथमिक कक्षाका लागि अनुदान रु ५०० र कक्षा १मा भर्ना भएका बिधार्थीलाई प्रति बिधार्थी रु १०० का दरले ईएम आई एसका आधारमा रकम उपलब्ध गराउने ब्यवस्था छ । यस कार्यालयले आर्थक बर्ष २०७६।७७ मा ५२ वटा बिदधालयलाई रु १०१४३००।००निकासा दिएकोमा कार्यालयसँग हाल सम्म वास्तिबक भर्ना भएका बिधार्थीको अभिलेख एकिन गरेको दखिएन । अत कार्यालयले अभिलेख एकिन गरी ईएम आई एसको अभिलेख प्रमाण पेश गर्नु पर्ने देखिएको रु १०१४३००

९८. **फरक शिर्षक खर्च :** कार्यक्रम कार्यन्यन पुस्तिका २०७६।७७मा शिक्षकहरूलाई तलब भुक्नी गर्दा दरबन्दी बमोजिम भुक्तानि गर्नु पर्ने भनी स्पष्ट उल्लेख गरेकोमा यस नगरपालिका कार्यालयले करारमा नियुक्त शिक्षक भनी दिनेश राउतलाई सशर्त शिक्षाको उपशिषर्कबाट गो भौ न १४० मिति २०७७।३।२१ बाट रु ३५०००।०० र गो भौ न ११०मिति २०७७।३।३ बाट रु ११५०००।०० गरी जम्मा रु १५००००।०० भुक्तानी गरेको देखिएकोले अनियमित देखिएको रु १५००००

९९. **सेनिटरी प्याड वितरण :** नगरपालिका कार्यालयले बिद्यालयमा अध्यनरत छात्राको लागि खरिद गरेका रु १२३५९८०।०० का ३९६३० सेनीटरी प्याड सबै बिद्यालयलाई उपलब्ध गराई छात्राले बुझेको भरपाई समेत नगरपालिकामा बुझाएको देखिएन । अत नगरपालिका कार्यालयले खरिद गरेका प्याडहरू बिद्यालयलाई बुझाई बिद्यालयले छात्राहरूलाई बुझाएको भरपाई पेश गर्नु पर्ने देखिएको रु १२३५९८०

१००. **प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४०० जनालाई रोजगारी उपलब्ध गराई रु. २२२०६०८ खर्च गरेको छ । लक्षित वर्गलाई १ दिनदेखि ७ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत रु ३०७२४६२ खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

तराई मधेश समृद्धी कार्यक्रम

१०१. स्थानिय सरकार संचानलन ऐन २०७४ मा योजना छनौट गर्दा आवश्यक्ता एकिन गरी गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले तराई मधेश समृद्धी कार्यक्रमबाट मुसहर बस्ती सामुहिक आवास भवन निर्माणको लागि रु ४९९९६९९।००खर्च गरी ६ वटा भवन निर्माण गरेकोमा हाल सम्म उत्त भवन को कसलाई दिने र कसको स्वामित्वमा हुने सो उल्लेख गरेको देखिएन । कार्यालयले उत्क्त भवन निमार्ण जुन प्रयोजनको लागि गरेको हो सोही बमोजिम लाभग्राहीलाई हस्तान्तरण गर्नु पर्दछ । कार्यालयले भवन निर्माण जस्ता जटिल प्रकृतीका कार्यहरू उपभोक्ता समिती बाट गराएको नियमसंगत नदिखिनुको साथै नगरपालीका निर्णय अनुसार उपभोक्ताताबाट गराईने कार्यमा लागत अनुमानको १० प्रतिशत जनसहभागीता अंश राख्नु पर्ने ब्यवस्था गरेको छ । कार्यालयले उत्क्त निर्णय अनुसार भवन निर्माणको प्राबिधिक मुल्याकंन अनुसार रु ५०३३३७८।२३ को मुल्याकंन भएकोमा सोको १० प्रतिशतले हुन आउने रु ५०३३३७।८२ अंशदान कटटी हुनु पर्नेमा रु ३६३७७।९१ मात्र जनसहभागीता अंशदान देखिएकोले जनसहभागीता घटी देखिएको रु ४६६९६०।०१ असुल हुनु पर्ने रु — ४६६९६०।०१

ग्रामिण संजाल सुधामर आयोजना

१०२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १३ (क) मा उपभोक्ता समितीलाई दिएको निर्माण कार्य निर्माण ब्यवसायी लाई दिन नपाइने ब्यवस्था छ । नगरपालिका कार्यालयले ग्रामिण सडक संचालन सुधार आयोजनामा औरही रोड ईटा भटटा जनता माबि हुदै रातो पुल सडक जोडने सडकको कालोपत्रे गर्न रु ५७९७७२८।८२ को कार्य उपभोक्ता सिमतिलाई दिई उपभोक्ता समितिले उक्त कार्यमा मकालु निमार्ण सेवालाई सहभागी गराई प्रिमिक्सको कार्य गराई रु २८७४७२० ।०० भुक्तानी दिएको देखियो । यसरी कानूनमा प्रष्ट उल्लेख गरेको कार्य समेत पालना नगरी उपभोक्ता समितिले नियम बिपरित निर्माण ब्यवसायलाई कार्य दिई नियम बिपरित गराइ भुक्तानी दिएको रकमलाई नियमसंगत मान्न सक्ने आधार देखिएन । अत नगरपालिकाले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ । — ५७९७७२८।८२

स्थानिय पुर्वाधार विकास साझेदार कार्यक्रम

१०३. मू.अ.कर **भुक्तानीमा नन फाइलरः**- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता **ACTIVE** रहनुपर्नेमा **IRD PORTAL** मा गइ **PAN SEARCH** गर्दा करदाता देहाय बमोजिम अबधि देखि ननफाइलर देखिएको छ । नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुँदा मू. अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु — २८७५४२

गोश्वरा भौचर नंवर	कार्य	आपुर्तिकर्ता पान नंवर	विजक नंवर मिति	मू.अ.कर रकम	ननफाइलर अवधि
११।७७।३।२९	बाटो ढलान	विजय कष्ट्रक्सन ३०३०५५२२०	१०।२०७७।३।२९	२८७५४२	२०७६फागुन देखि

१०४. ब.उ.सि.नं. ३६५०१५३ जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा

सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस पालिकाले आर्थिक बर्ष २०७६।७७ मा १४ वडामा बितरण गर्न रु १५८२६००२५ खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन ।

१०५. **बिधुतीय माध्यमबाट भत्ता बितरण-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा २५ (क) मा बैकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको बिवरण अनुसुची-१३ बमोजिमको चौमासिक रुपमा सम्बन्धित स्थानिय तहलाई बिधुतीय माध्यमबाट अनिवार्यरुपमा पठाउनु पर्ने र यसै बिवरणलाई भत्ता बितरण भएको भरपाई मानिने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले सामाजिक सुरक्षा भत्ता बैक मार्फत बितरणको लागि बैकहरुलाई पठाएकोमा बितरण गरी अनुसुची १३ बमोजिमको बिवरण बैकले पठाएको नदेखिएकोले बिबरण पेश गरी मौज्दात देखिएको रकम सञ्चित कोष दाखिला गरीनुपर्दछ ।

१०६. **सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।

नगरपालिकाबाट यस वर्ष बेरुजु फस्यौटको गरी सम्परीक्षणको लागी अनुरोध भै आएकोमा निर्णयअनुसार फछ्र्यौट भएको जानकारी दिएको निम्नअनुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण रकम
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७५।७६	७०	नपाउने स्थानिय भत्ता	२६८१३३	०	०	०	२६८१३३
२	२०७५।७६	६१	छुट पारीश्रमिक कर	१५०००	०	०	०	१५०००
३	२०७५।७६	६१.१	छुट पारीश्रमिक कर	४५२६	०	०	०	४५२६
४	२०७५।७६	५९	छुट पारीश्रमिक कर	११४२५	०	०	०	११४२५
५	२०७५।७६	७२	मरमत खर्च	३६३४०	०	०	०	३६३४०
६	२०७५।७६	८०	बाहल कर	५४४०	०	०	०	५४४०
७	२०७५।७६	९४	छुट कर	१५०००	०	०	०	१५०००
८	२०७५।७६	३५	सटटा बिदा	५९३२	०	०	०	५९३२
जम्मा				३६१७९६				३६१७९६

यस वर्ष बेरुजु फस्यौटको गरी सम्परीक्षणको लागी अनुरोध भै आएकोमा २०७८।३।४ निर्णय अनुसार फछ्र्यौट नभएको जानकारी दिएको निम्नअनुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फस्यौट नभएको कारण
१	२०७५।७६	३०	संघिय बिशेष अनुदान बिद्यालयमा पठाएकोमा नियमित तथा कार्यसम्पन्न नभएको	२८६९७७८	नियमित नभएको,कार्यसम्पन्न भएकोमा एकिन गरी मौज्दात रकम बेरुजु खातामा दाखिला नभएको,बिशेष अनुदान कार्यबिधि बमोजिम २०७५ ९८ ०बमोजिम आर्थिक कार्यबिधि तथा सार्बजनिक खरिद कानुन बमोजिम खरिद गरी बैङ्किङप्रणालिबाट भुक्तानी गरेको प्रमाण पेश नभएको

१०७. **सञ्चित कोष तथा बेरुजुको स्थिति**: नगरपालिकाको सञ्चितकोषको बिबरण,बेरुजु (बिनियोजन,राजश्ब,धरौटी र अन्य कारोबार) बर्गिकरण र अद्याबधिक बेरुजुको स्थिति क्रमश अनुसुचि १, अनुसुचि २ र अनुसुचि ३ मा समाबेश गरिएको छ ।

स्थानीय संचीतकोष विवरण

अनुसूचि १

२०७६/७७

(रु हजारमा)

सि.न.	स्थानियतह	जिल्ला	आय									व्यय				मौज्दात
			लेखापरीक्षण रकम	बेरुजु रकम	बेरुजु प्रतिशत	गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँड रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
						१	२	३	४	५	६(२+३+४+५)	६	७	८	९(६+७+८)	१०(१+६-९)
१	बर्दीबास नगरपालिका	महोत्तरी	१८७८५००	१९०६९५	१०.१५	२८७७०३	५७८००१	९६९३७	१२५६२६	२३८२०८	१०३८७७२	३६३७२६	२७२२७४	२०३७२८	८३९७२८	४८६७४७

बेरुजु वर्गीकरण (विनियोजन, राज्स्व, धरौटी र अन्यकारोबार)

अनुसूची-२

२०७६/ ७७

(रु हजारमा)

सि.न.	स्थानियतहको नाम	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	बर्दीबास नगरपालिका	महोत्तरी	६८	४२	१९६५०१	०	४	५८०६	६८	३८	१९०६९५	२१८५६	१८४९२	११४०२३	३४०२९	०	१६६५४४	२०४५	२५०	२२९५

अद्यावधिक बेरुजु स्थिति

अनुसूची-३

२०७६/७७

(रु हजारमा)

सि.न.	स्थानियतहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी वेरुजु	समायोजन	गत बर्ष सम्मको बाँकी वेरुजु	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की
१	बर्दीबास नगरपालिका	महोत्तरी	११५४९०	-२३१८०	९२३१०	२९०६०	३६२	२८६९८	०	९१९४८	१९०६९५	२८२६४३	१५००३